दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५७ | बुटवल | २०८२ भदौं २८ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday September 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## रूपन्देहीमा निषेधाज्ञा र कर्फ्यु निरन्तर

बुटवल । जिल्ला प्रशासन कार्यालय रुपन्देहीले निषेधाज्ञा र कर्फ्यु आदेशलाई निरन्तरता दिएको छ । 'जेनजी'को प्रदर्शन भड्किएपछि यहाँ निषेधाज्ञा र कर्फ्यु लगाइँदै आएको छ।

प्रमुख जिल्ला अधिकारी टोकराज पाण्डेले भदौ २७ गतेदेखि अर्को आदेश नभएसम्मका निम्ति निषेधाज्ञा र कर्फ्यु जारी गरेका हुन् । शुक्रबार राति ९ देखि शनिबार बिहान ६ बजेसम्म लागु हुने गरी कर्फ्यु आदेश जारी गरिएको छ ।

यो अवधिमा आवतजावत, सभा, जुलुस, प्रदर्शन, बैठक, धर्नजस्ता गतिविधि निषेध गरिएको छ ।

यस दिन बिहान ६ देखि राति ९ बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गरिएको छ। यो अवधिमा पाँच जनाभन्दा बढी भेला भई सभा, जुलुस, प्रदर्शन, धर्ना, धार्मिक तथा अरू कोणसभामूलक कार्यक्रम गर्न पाइने छैन ।

जिल्ला प्रशासन कार्यालयले आदेश उल्लंघन गर्नेमाथि कडा कारबाही गरिने चेतावनी दिएको छ ।

## जेन–जी आन्दोलन : मृतक ५१ पुगे

बुटवल । जेन-जी आन्दोलनमा मारिनेको संख्या ५१ पुगेको छ। नेपाल प्रहरीका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) रमेश थापाले दिएको जानकारीअनुसार यही भदौ २३ र २४ गते भएका प्रदर्शनका क्रममा मृत्यु भएकाको संख्या ५१ पुगेको हो । यसमा ३ जना प्रहरी, १ भारतीय नागरिक र बाँकी नेपाली युवा छन् ।

प्रदर्शनको पहिलो दिन १९ जना जेन-जीको मृत्यु भएको थियो भने पछि उपचारका क्रममा घाइतेहरूको मृत्यु हुँदा मृतकको संख्या शुक्रबार ५१ पुगेको हो । यसैबिच जेन-जी प्रदर्शनमा घाइते भएका २९९ जनाको उपचार जारी रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका अनुसार उनीहरूको उपचार देशभरका ३३ अस्पतालमा भइरहेको हो । जसमध्ये सबैभन्दा धेरै झापाको बीएनसी अस्पतालमा ५३ घाइते उपचाररत छन् । मुख्य प्रदर्शन स्थल बानेश्वरमा रहेको निजामती कर्मचारी (सिभिल) अस्पतालमा २३ घाइतेको उपचार जारी छ।

यसैगरी ट्रमा सेन्टरमा ३२ जना, सिनामंगलस्थित काठमाडौँ मेडिकल कलेज (केएमसी) मा ३५ जना घाइतेको उपचार भइरहेको छ।

त्यसैगरी त्रिवि शिक्षण अस्पतालमा २५ जना, नेपाल पुलिस अस्पतालमा २८ जना घाइतेको उपचार चलिरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छाघाइतेमध्ये अहिलेसम्म १ हजार ४६५ जना डिस्चार्ज भइसकेको जानकारी पनि मन्त्रालयले दिएको छ।

## अप्रिय घटनाका तस्विर, भिडिओ पठाइदिन प्रहरीको आग्रह

काठमाडौं । जेनजी आन्दोलनका क्रममा भएको आगजनी, लुटपाटमा संलग्नहरूलाई कारबाहीका लागि नेपाल प्रहरीले सबुद प्रमाण पठाएर सहयोग गर्न आव्हान गरेको छ।

आम समुदायसँग अनुरोध गर्दै प्रहरीले काठमाडौं उपत्यकालगायत विभिन्न स्थानमा विरोध प्रदर्शन तथा आन्दोलनका क्रममा घटेका अप्रिय घटना, आगजनी, लुटपाट, आम सर्वसाधारणमा डर सिर्जना हुने गरीका घटनासँग सम्बन्धित तस्विर, भिडिओ तथा विभिन्न सामाजिक सञ्जालका लिङ्क उपलब्ध गराउन भनेको हो।

त्यस्ता प्रमाण नेपाल प्रहरीको आधिकारिक इमेल ठेगानामा nepalpoliceinfo@gmail.com पठाउन आग्रह गर्दै प्रहरीले सबुद दिनेहरूको गोपनीयता कायमै राख्ने स्पष्ट पारेको छ।

भदौ २३ र २४ मा भएको जेनजी प्रदर्शनको क्रममा देशभर थुप्रै सार्वजनिक तथा निजी भौतिक संरचना ध्वस्त पारिए, नगद, गरगहना तथा जिन्सीको लुटपाट पनि उत्तिकै भएका छन्।

प्रहरीले गत चैत १५ को राजावादी प्रदर्शनमा उच्छृंखलता प्रदर्शन गर्ने सबैजसो मानिसको पहिचान गरी पक्राउ गरेको थियो। यसपटक त स्वयं प्रहरीका कार्यालय र व्यारेकमा अगजनी तथा तोडफोड भएको छ।

हतियार, पोशाकदेखि मेसमा रहेका दाल, चामलसम्म लुटपाट भएका छन्।

## साढे ११ हजार कैदी अझै फरार

बुटवल। २६ वटा कारागारबाट १२ हजार ८१७ र बाल सुधार गृहबाट ९६२ गरी १३ हजार ७७९ कैदीबन्दी फरार भएका थिए। कारागार व्यवस्थापन विभागका निर्देशक चामेन्द्र न्यौपानेले ११ हजार ४६१ कैदीबन्दी अझै फरार नै रहेको बताए।

२४ भदौमा जेनजीको आन्दोलन उग्र भएपछि कारागार तोडफोड र आगजनी हुँदै कैदीहरू फरार भएका थिए । २७ भदौ, काठमाडौं । साढे ११ हजार कैदीबन्दी अझै फरार भएका छन् । देशभरका २६ वटा कारागारबाट भागेकामध्ये केही कैदीबन्दी कारागार फर्किए पनि अझै ११ हजार ४६१ कैदीबन्दी फरार नै रहेको कारागार व्यवस्थापन विभागका निर्देशक चामेन्द्र न्यौपानेले बताए । २६ कारागारबाट १२ हजार ८१७ र बाल सुधार गृहबाट ९६२ गरी १३ हजार ७७९ कैदीबन्दी फरार भएका थिए। ति मध्ये पक्राउ र आफैं फर्कनेको संख्या २ हजार ३१८ रहेको न्यौपानेले बताए।

जेन-जीको आन्दोलन उग्र बनेपछि २४ भदौमा कारागार तोडफोड र आगजनी गर्दै कैदीहरू फरार भएका थिए । सन तस्करका नाइके चुडामणि उप्रेती 'गोरे'देखि अपहरणकारीका नाइके भारतीय नागरिक उदय सेट्टीसम्म फरार भएका थिए।

# सुशीला कार्की बनिन् पहिलो महिला प्रधानमन्त्री



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपालको अन्तरिम सरकारको प्रमुख ( प्रधानमन्त्री)मा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नियुक्त भएकी छन् । राष्ट्रपति रामचन्द्र पौडेलले कार्कीलाई प्रधानमन्त्रीमा पदमा नियुक्त गरेका हुन् । नयाँ सरकार गठनका लागि छलफल गर्न पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीसहितको टोली शीतलनिवास पुगेको थियो।

दुबै टोलिबिच भएको सहमतिको आधारमा कार्की नेपालकै पहिलो महिला प्रधानमन्त्रीको रुपमा नियुक्त भएकी हुन् । कार्कीसहित जेनजी अभियन्ता तथा हामी नेपाल संस्थाका अध्यक्ष सुदन गुरुङ र अधिवक्ता ओम प्रकाश अर्याल पनि छलफलका लागि राष्ट्रपति निवास पुगेका थिए । कार्कीलाई अन्तिम सरकारको प्रमुखमा चयन गर्ने विषयमा सहमति जुटे पनि संसद् विघटनका विषयमा सहमति जुट्न सकेको थिएन।

दुवै पक्ष आ-आफ्नो अडान यथावत् रहेका थिए । तर, अन्त्यमा संविधान विघटन गर्ने विषयमा सहमति जुटेको हो । यसैबिच राष्ट्रपति भण्डारीले कार्कीलाई पद तथा गोपनीयताको शपथ खुवाएका छन्।

यसअघि भदौ २३ र २३ गतेको जेनजी आन्दोलनको दबाबपछि प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार राजीनामा दिएका थिए । असामान्य परिस्थितिलाई ध्यानमा राख्दै दिइएको राजीनामा राष्ट्रपति पौडेलले सोही दिन स्वीकृत गरेका थिए।

मन्त्रिपरिषद्को गठन गरी त्यसको पहिलो बैठक शीतलनिवासमै बस्नेछ । सोही बैठकले संसद विघटनलगायतका सिफारिस गर्नेछ।

## प्रधानमन्त्रीलाई सिंहदरबारमै राख्ने तयारी

अन्तरिम सरकारका नयाँ प्रधानमन्त्रीका लागि सिंहदरबारमा व्यवस्थापन सुरु गरिएको छ । मुख्यसचिव एकनारायण अर्यालसहित सचिवहरूको टोलीले गरेको अध्ययनमा यो विकल्पबारे कुरा भएको एक सचिवले जानकारी दिए । 'अन्य भवन पनि हेर्ने काम भयो, कुनै सद्दे छैनन्, एउटा विकल्प निर्माणाधीन गृहमन्त्रालयको नयाँ भवन हुनसक्छ भन्ने कुरा भएको छ ।'- उनले भने । बुधबार आन्दोलनकारीको निसानामा परेको सिंहदरबारमा अहिलेसम्मकै ठूलो आक्रमण भएको थियो । सोही क्रममा यहाँ सबैजसो भवनमा आक्रमण र आगजनी गरिएको छ । मन्त्रालयहरूका कागजात जलाइएको छ भने सवारी साधनमा व्यापक क्षति पुऱ्याइएको छ। मुख्यसचिव अर्यालले प्रधानमन्त्री र मन्त्रीहरू आइसकेपछि कहाँ-कहाँ कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेबारे हेर्ने काम गरिएको जानकारी दिए। सिंहदरबारबाटै प्रशासनिक काम गर्ने गरी तयारी गरिएको उनले बताए । अन्तरिम प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्का लागि अहिले सिंहदरबारमा व्यवस्थापन थालिएको छ । गृहमन्त्रालयका लागि बनाइएको नयाँ भवनमा प्रधानमन्त्री राख्न लागिएको छ । प्रधानमन्त्री कार्यालय र हालको गृहमन्त्रालय जलाएर ध्वस्त पारिएपछि अन्तरिम व्यवस्था गर्न लागिएको हो। गृहमन्त्रालयको नयाँ भवनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सञ्चालन गर्ने तयारी गरिएको त्यहाँ पुगेका हाम्रा सहकर्मीले बताएका छन्।

अहिले यहाँ प्रधानमन्त्रीका लागि बस्ने कुर्सीदेखि, सचिवालय, मन्त्रिपरिषद् बैठकका लागि आवश्यक फर्निचर, सोफा कार्पेटहरू धमाधम व्यवस्थापन गरिँदैछ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय बग्गीखानाबाट छिर्ने गेटबाट नजिकै नयाँ गृहमन्त्रालयको भवन बनेको छ । अहिले गृहमन्त्रालय रहेको भवन पनि ध्वस्त भइसकेकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा गृहमन्त्रालय सारेर केशरमहलमा शिक्षा मन्त्रालयलाई सार्ने तयारी भइरहेको छ । मुख्यसचिव एकनारायण अर्यालले शुक्रबार बिहानै सिंहदरबारमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न मन्त्रालयको स्थलगत अनुगमन गरेका थिए । प्रधानमन्त्री कार्यालय बस्नै नसकिने अवस्थामा ध्वस्त भएको रहेछ।

## को हुन् सुशीला ?

बलियो कानुनी पृष्ठभूमि, राजनीतिक सुझबुझ र परिपक्वताले गर्दा धेरै युवाहरुको रोजाइमा कार्की परेकी छन् । कार्कीले प्रधानन्यायाधीश पदमा छँदा निस्पक्ष र सन्तुलित भूमिका निर्वाह गरेकी थिइन् । धेरैले उनलाई निर्भिक न्यायमूर्तिका रुपमा चिन्ने गर्छन् । सुशीला कार्की नेपालको सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायाधीश पनि हुन् । उनले २०७३ साल असार २७ गतेदेखि २०७४ जेठ २४ गतेसम्म यो पद सम्हालेका थिइन् । उनको जन्म २००९ जेठ २५ मा मोरङ, विराटनगरको शंखरपुरमा भएको हो ।

सात सन्तानमध्ये ज्येष्ठ छोरीका रूपमा जन्मिएकी कार्कीको परिवार किसानी पृष्ठभूमिको थियो भने बीपी कोइरालाको परिवारसँग नजिकको सम्बन्ध थियो । सुशीलका पति दुर्गा सुवेदी प्रजातान्त्रिक सेनानी हुन् । सुशीलाले महेन्द्र मोरङ क्याम्पसबाट २०२८ सालमा बीए र बनारस हिन्दू विश्वविद्यालयबाट २०३१ सालमा राजनीतिशास्त्रमा एमए गरिन् । त्यसपछि त्रिभुवन विश्वविद्यालयबाट २०३४ सालमा कानुनमा स्नातक उपाधि हासिल गरेकी छिन् ।

उनको करिअर भने शिक्षण पेशाबाट सुरु भएको थियो । उनले २०४२ देखि २०४६ सालसम्म महेन्द्र बहुमुखी क्याम्पस, धरानमा प्राध्यापन गरिन् । २०३५ सालमा वकालत सुरु गरेकी उनले विराटनगरको पुनरावेदन अदालतमा बार अध्यक्षको जिम्मेवारीसमेत सम्हालिन् । २०६१ मा वरिष्ठ अधिवक्ता बनेकी कार्की २६५ सलमा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश बनिन् । २०६७ मा उनी स्थायी न्यायाधीश भइन् । २०७३ सालमा प्रधानन्यायाधीश नियुक्त भएकी सुशीलाले आफ्नो कार्यकालमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिएकी थिइन् । उनको कार्यकालमा तत्कालीन सूचना तथा सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्तालाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरिएको थियो ।

त्यसअघि उनले अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध बोल्ड फैसला गरेकी थिइन् । उनी प्रधानन्यायाधीश बनेको १० महिनापछि तत्कालीन सत्तारुढ दल माओवादी र कांग्रेसले कार्कीले क्षेत्राधिकार नाघेर फैसला गरेको भन्दै उनीविरुद्ध महाअभियोग दर्ता गरेका थिए । तर, त्यो सफल भएन । महाअभियोगविरुद्ध अदालतमा रिट परेपछि तत्कालीन न्यायाधीश चोलेन्द्र शम्शेरले त्यसलाई रोक्न अन्तरिम आदेश गरेका थिए ।

## फरार ७ कैदीबन्दी रूपन्देही प्रहरीको नियन्त्रणमा



**मोहम्मद हविव**
*भैरहवा*

रुपन्देही प्रहरीले कारागारबाट भागेका ७ कैदी नियन्त्रणमा लिएको छ। सोमबारदेखि नेपालका विभिन्न ठाउँमा भएको प्रदर्शनपछि कारागार कार्यालयमा भएको तोडफोड, आगजनीपछि विभिन्न जिल्लाबाट भागेका कैदी बन्दीहरुलाई रुपन्देही प्रहरीले नियन्त्रणमा लिएको हो।

रुपन्देही प्रहरीका अनुसार चितवन कारागारमा रहेका ४ जना, नवलपरासी कारगारमा रहेका १ जना र केन्द्रीय कारागार काठमाडौंमा रहेका २ जना गरी ७ जना कैदी बन्दीहरुलाई प्रहरी कार्यालय र मातहतको टोलीले नियन्त्रणम लिएको रुपन्देही प्रहरी प्रवक्ता डीएसपी सुरज कार्कीले जानकारी दिए। कार्यालयका अनुसार चितवन कारागारबाट भागेका भारत हरियानाको नागिनामा बस्ने २४ वर्षीय सवारी अंगभंग मुद्दाका कैदी अब्बास खान, भारत उत्तर प्रदेश थाना बेहोजोइमा बस्ने ४८ वर्षीय लागुऔषध मुद्दाका कैदी अनिल गिरी, भारत उत्तर प्रदेश थाना केलादेवी बस्ने ४१ वर्षीय लागुऔषध मुद्दाका कैदी राजपाल सिंह र भारत उत्तर प्रदेश थाना बाह्रवंकी बस्ने ३८ वर्षीय सवारी ज्यान मुद्दाका कैदी मोनु कश्याब नियन्त्रणमा आएका छन्।

यस्तै नवलपरासी कारागारबाट भागेका रुपन्देही सैनामैना नगरपालिका वडा नम्बर ७ बस्ने बर्ष ५२ की बहुविवाह मुद्दाकी कैदी करिस्मा राना, केन्द्रीय कारागार काठमाडौंबाट भागेका लागुऔषध कोकिन मुद्दाका कैदी तान्जानियान नागरिक वर्ष ५३ को रामाधानी सिम्बा अुबुम्बा र लागुऔषध कोकिन मुद्दाका कैदी तान्जानियान नागरिक वर्ष ४७ को त्वालिबकिपबु पसुवालाई नियन्त्रणमा लिएको छ। उनीहरुलाई आवश्यक कारबाहीका लागि सम्बन्धित ठाउँमा पठाइने छ।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ भदौ २८ गते, शनिबार

तपाईका लागि...



**बिट्‌विन द लाइन्स्...**

'उसको कविता
आफ्नो धर्तीका
फूलहरु र बिरुवाहरुको
बयान किन गर्दैन ?
फेरि तिमी यो प्रश्न गर्छौ ?
आऊ, सडकमा बगिरहेको रगत हेर
आऊ, सडकमा गरिहेको रगत हेर

– पाब्लो नेरुदा

# अमेरिकी साम्राज्यवादले कसरी युगोस्लाभियालाई ध्वस्त गऱ्यो ?

**सीनकेली**

(पूर्वी युरोपमा रहेका ६ वटा राज्यहरू (बोस्निया-हर्जगोभिना, क्रोएशिया, म्यासेडेनिया, मन्टेनेग्रो, सर्बिया र स्लोभेनिया) मिलेर सन् १९१८ मा युगोस्लाभिया निर्माण भएको थियो । दोस्रो विश्वयुद्ध पछि यो 'संघीय समाजवादी गणतान्त्रिक युगोस्लाभिया' बनेको थियो जसका नेता मार्सल जोसेफ ब्रोस टिटो थिए । सन् १९८० मे ४ मा टिटोको मृत्यु भयो । त्यसपछि युगोस्लाभियामा जातिय द्वन्द्व देखापर्न थाल्यो । टिटोको मृत्यु पछि सर्बियाका राष्ट्रपति स्लोबोदन मिलोसेभिकको उदय भयो । उनी सन् १९९७ जुलाई २३ मा उनी 'संघीय समाजवादी गणतान्त्रिक युगोस्लाभिया'का राष्ट्रपति बने । सन् १९९९मा कोसोभोमाथि आक्रमण गरेका निहुँ बनाएर नाटोले युगोस्लाभियामा आक्रमण गऱ्यो । पछि कोसोभोबाट युगोस्लाभियाले सेना फिर्ता ल्याउने शर्तमा नाटोको आक्रमण रोकियो । सन् २०००मा राष्ट्रपतिको निर्वाचनमा मिलोसेभिकको हार भयो । त्यसपछि एउटा आन्दोलन देखापऱ्यो जसलाई अक्टोबर विद्रोह पनि भन्ने गरिन्छ । यो आन्दोलनसँगै मिलोसेभिकको पतन भयो । उनलाई नाटोले आक्रमण गरेको बखत मानव अधिकार उल्लंघन गरेको आरोपमा अन्तर्राष्ट्रिय अदालत हेगमा लगियो । सन् २००६ मा हेगमा मुद्दा चलिरहेकै समयमा सन् २००६ मार्च ११ मा उनको निधन भयो । उनको निधनको कारण हार्ट अट्याक बताइयो तर यसमा सँधै शंकाको ठाउँ रह्यो । मिलोसेभिकको पतन हुनुभन्दा पहिले नै सन् १९९१ देखि नै युगोस्लाभिया टुक्रिन थालेको थियो । स्लोभेनिया र क्रोएशियाले जुन १९९१ मा नै स्वतन्त्रता घोषणा गरेका थिए । मिलोसेभिकको पतनले यो युगोस्लाभियाको विखण्डन तीव्र बन्यो । सन् २००८को फेब्रुअरीमा सर्बियाले पनि स्वतन्त्रता घोषणा गरेपछि युगोस्लाभियाको पूर्ण विखण्डन भई नयाँ ६ वटा राष्ट्रहरू (स्लोभेनिया, क्रोएशिया, बोस्निया-हर्जगोभिना, म्यासेडोनिया (अहिले उत्तरी म्यासेडोनिया), मन्टेनेग्रो र सर्बिया) बने ।

खासमा मिलोसेभिकको पतन र युगोस्लाभियाको विखण्डनमा अमेरिकी साम्राज्यवादको हात थियो । युगोस्लाभियामा कसरी अेमरिकी साम्राज्यवाद खेलेको थियो र त्यसको लागि कसरी अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू प्रयोग गरिएका थिए भन्ने यो लेखले प्रष्ट पार्दछ । यो लेख सन् २००१ जूनमा बेलायतको नयाँ कम्युनिष्ट पार्टीको प्रकाशन 'द न्यु वर्कर'मा प्रकाशित भएको थियो । यसको अनुवाद र प्रकाशन नेपाल क्रान्तिकारी युवा संघले वि.सं. २०६४ मा गरेको थियो । उक्त प्रकाशनको सामान्य सम्पादन सहित पाहुरका पाठकलाई यहाँ प्रस्तुत गरिएको छ ।– सम्पादक)

सन् १९९९ मा ७८ दिनसम्म नाटोले बमबारी गर्दा युगोस्लाभियाली जनताले आफ्नो अर्थतन्त्र पूर्ण रूपमा ध्वस्त हुँदा पनि आफ्नो राष्ट्रिय एकता कायम राखेका थिए । त्यस पश्चात १५ महिनामा एउटा 'स्वतन्त्र मजदुर संघ' को नेतृत्वमा भएका युवा प्रदर्शनहरू, मिलोसेभिकविरोधी लेखहरू, संयुक्त विरोध र हडतालहरू एउटा पृथक विषय बन्यो । यदि त्यसबेला पश्चिमी संचारमाध्यमहरूले गरेको प्रचार प्रसारमा भरपर्ने हो भने त्यो लोकप्रिय प्रदर्शनहरूको एउटा लहर थियो जसले एउटा घृणित सत्तालाई पल्टायो ।

तर यी सबै कसरी भए ? युगोस्लाभियामा निर्वाचन हुँदा युगोस्लाभेली समाजवादीहरूले विपक्षी पार्टीहरूलाई अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सिआईए) को आर्थिक सहयोग पाएको र बारम्बार अमेरिकी हस्तक्षेप भएको चेतावनी दिएका थिए । ८ महिनामा त्यहाँ के भएको थियो भन्नेबारे त्यहाँ सबभन्दा नजीकबाट अध्ययन गर्नेहरूले शब्दमा बोलेका छन् ।

गएको वर्ष अर्थात् सन् २००० को २० सेप्टेम्बरमा न्युयोर्क टाइम्सका पत्रकार स्टेफेन इर्लाङ्गरले 'युगोस्लाभिया र हंगेरी अथवा सर्विया र मोन्टेनेग्रोका सिमानाहरूमा पैसाले भरिएका सुटकेश वा बाकसहरू ओसारपसार हुने जानकारी दिएका थिए ।' 'भ्वाइस अफ अमेरिका'का ब्यारी उडस्को यस सन्दर्भमा यस्तो धारणा थियो - 'सहयोगदाताहरू सर्विया छिर्न नपाउने हुनाले सर्वियाली गैर-सरकारी संस्थाहरूको धेरैजसो बैठक हंगेरी, चेक गणतन्त्र र स्लोभाकियामा हुन्थ्यो र त्यही बैठकहरू नै सर्वियाको प्रजातान्त्रिक क्रान्तिको आधार बन्यो ।'

ती १५ महिनाको अवधिमा के के भए भन्ने पत्ता लाउन र ती सबैको लागि आएको पैसाको स्रोत कुन हो भन्ने पत्ता लाउन एउटा लामो यात्राको आवश्यकता पर्दछ, त्यो यात्रा अमेरिकी राजधानी वाशिङ्गटनबाट शुरु हुन्छ र हंगेरीको राजधानी बुडापेष्टको एउटा पाँचतारे होटलमा अन्त्य हुन्छ । यस यात्रामा हामीले सेन्ट एण्ड्रूजाको 'तीर्थाटन' गर्नेछौ र अमेरिकाको फ्लोरिडा राज्यको अनुहारमा एउटा खाडल खन्ने अमेरिकी रिपब्लिकन पार्टीबाट निर्वाचन कसरी गर्ने भन्ने पाठ सिक्नेछौं । भियतनाम युद्धमा सहभागी र बाल्टिमोरका सेवानिवृत्त एक जँड्याहा अमेरिकी कर्णेलबाट अहिंस्रक प्रदर्शनहरू कसरी गर्ने हो भन्ने सिक्नेछौं ।

**सर्बियाको चारैतिर लागेको घेरा**

सन् १९९४ मा स्वतन्त्र युरोप रेडियो र रेडियो मुक्तिले युगोस्लाभियामा आफ्नो प्रसारण शुरु गऱ्यो । भ्वाइस अफ अमेरिका जस्तै यो पनि सिआइए कै एउटा सृजना थियो । सन् १९७१ त्यहाँ यस्ता मामिलाहरूमा सिआइएको संलग्नता यस्तो खुल्ला गुप्तता भइसकेको थियो कि अमेरिकी राज्य विभागले प्रत्यक्ष रूपमा आफ्नो रकम लगाउँथ्यो । फलतः यस्ता प्रचार युद्ध वा शीत युद्धका स्टेशनहरूले युगोस्लाभियाबाहेक बाँकी युरोपमा थोरैमात्र विश्वसनीयता प्राप्त गरेको थियो । सन् १९९७ मा अमेरिकी राज्यमन्त्री म्याडिलिन अलब्राइटले सर्वियामा 'स्वतन्त्र संचार' को लागि ५० लाख डलरको सहयोग गर्ने घोषणा गरिन् । त्यो रकम प्राप्त गर्ने एउटा पक्ष मिलोसेभिकविरोधी व्यवसायिक रेडियो स्टेशन वी ९२ थियो र यसले सर्वियाभर 'स्वतन्त्र' रेडियो स्टेशनको संयन्त्र स्थापना गऱ्यो । भ्वाइस अफ अमेरिकाका अनुसार त्यस रेडियो स्टेशन स्थापना गर्न चाहिने उपकरणहरूको लागि युरोपेली आयोग, बिबिसी र जार्ज सोरस र भ्वाइस अफ अमेरिकाबाट स्थापना गरेको ओपन सोसाइटी इन्स्टिच्युसनले योगदान गरेको थियो । दक्ष ज्ञान र पैसाले अमेरिकी बी ९२लाई विश्वभर इन्टरनेटमा आफ्नो समाचार प्रसारण गर्न सफल बनायो ।

सन् १९९६ मा बेल्ग्रेडस्थित अमेरिकी दूतावासले पूर्वी युरोपेली प्रजातन्त्रका लागि समर्थन (सिड) को कोषबाट १०० वटा स्वतन्त्र संचार संगठनहरूलाई प्रतिसंगठन २४ हजार डलर सहयोग दिएको थियो । क्भ्म्म ले सन् १९८९ यता अर्थात सन् २००१ सम्म त्यस क्षेत्रमा २ अरब ६० करोड डलर खर्च गरिसकेको थियो । सन् १९९६ मा मात्रै अमेरिकी सूचना निकायले भ्वाइस अफ अमेरिकाद्वारा अमेरिकामा संचालित ४ वटा कार्यशाला गोष्ठीहरूमा भाग लिनको लागि सर्वियाका २९ जना पत्रकारहरूको खर्च बेहोरेको थियो ।

अमेरिकी सूचना निकाय र अन्य वाह्य 'अनुदानदाता' हरूको सहयोगमा






सन् १९९९ देखि स्वतन्त्र विद्युतीय संचार माध्यममा टी.भी. र रेडियो नेटवर्क, एनेमसञ्चालन भयो । १८ वटा टी. भी. स्टेशनहरूमध्ये ६ वटाको सम्पूर्ण कर्मचारीहरूलाई अमेरिकाले 'टी. भी. समाचार प्रसारण' को लागि प्रशिक्षण दिएको थियो । ३३ वटा रेडियो स्टेशनहरूको लागि पनि तालिम उपलब्ध गराइएको थियो । छापाखानाहरूलाई अखबार छाप्ने कागजहरू र रकमहरूलाई कसरी संचालित गर्ने हो भन्नेबारे सल्लाह दिइएको थियो ।

सन् १९९९ जुलाई २९ तारिखमा रोबर्ट गेलबर्ट अमेरिकी राष्ट्रिय सभाको परराष्ट्र सम्बन्ध समिति सामु सर्वियामा 'स्वतन्त्र रेडियो स्टेसनहरू' को 'घेरा फैलिएको' प्रमाण जुटाउन सक्षम भए । २० सेप्टेम्बर सन् २००० को दिन न्युयोर्क टाइम्सका स्टेफेन इलार्ङ्गरले 'बेलग्रेडस्थित स्वतन्त्र पत्रकार र प्रसारकहरूलाई अमेरिकी सहयोग अधिकारीहरू आफूले कति रकम खर्च गरिरहेको छ भन्ने विषयमा 'चिन्तित नहुन बताएको' जानकारी दिएका थिए । अमेरिकी आदेशको अनुसरण नगरेसम्म टी. भी., रेडियो प्रसारण सेवा र टी.भी. स्टुडियोहरू नाटो बमबारीका शिकार बने ।

**हरेकको लागि उच्च तहको हवाइ यात्रा सुविधा– सांसद डेल बम्पर्स**

सन् १९९९ जुलाई महिनामा भएको अमेरिकी राष्ट्रिय सभाको बैठकमा । पूर्वराजदूत गेलबर्टले 'कोसोभो संकट शुरु भएको दुई वर्षको अवधिमा अमेरिकाले गैरसरकारी संस्थाहरू, राजनीतिक पाटीहरू, स्वतन्त्र संचारमाध्यम, युवा, प्रदर्शन र स्वतन्त्र मजदुर संघहरूलाई सहयोग गरी सर्वियाली प्रजातान्त्रिकरणको समर्थनमा १ करोड ६५ लाख डलर खर्च गरिसकेको कुरा स्वीकार गरे ।

यी सबैको लागि आवश्यक रकम अमेरिकी राज्य विभागबाट आउँथ्यो र त्यसलाई वितरण USIA ले गर्थ्यो । ग्क्क्ष ले गर्ने अन्य कामहरू 'अमेरिकी नीतिहरूको विदेशमा परिभाषित गर्ने, विस्तार गर्ने र वकालत गर्ने हो । सन् १९९८ मा मात्रै उसले यस कार्यको लागि ४४ करोड ३० लाख डलर खर्च गरेको थियो । सन् १९९९ मा अमेरिकाले थोरै मात्र प्रचारमा आएको संगठन 'प्रजातन्त्रको लागि राष्ट्रिय गुठी' वा 'प्रजातन्त्रको लागि राष्ट्रिय दान कोष'–एनइडि (National Endowment for Democracy– NED) लाई २ करोड १० लाख डलर प्रदान गयो । एनइडि पूर्वराष्ट्रपति रोनाल्ड रेगनका राष्ट्रिय सुरक्षा सल्लाहकार र सिआइएका निर्देशक विलियम क्यासीको मानस-पुत्र थियो । 'निजी गैर-सरकारी प्रयासहरूबाट विश्वभरका प्रजातान्त्रिक संस्थानहरूको समर्थन गर्न' सन् १९८२ मा रेगनले संसदबाट कोष अनुमोदन गराएका थिए ।

उक्त विधेयकको मस्यौदाकार एलेन वेनस्टेन थिए । उनले पछि गएर 'एनइडि ले अहिले गरिरहेका धेरै कार्यहरू २५ वर्ष अगाडि ऋक्ष ले लुकीछिपी गर्दथ्यो' भन्ने कुरा स्वीकारे । एनइडि का अनुसार त्यसका 'कार्यक्रमहरूले दीर्घकालीन अमेरिकी हितहरूलाई बढावा दिन्छन् ।'

एनइडिले वर्तमान समयमा आफ्ना क्रियाकलापहरू क्युवा, जनवादी चीन, कंगो, दक्षिण अफ्रिका, सुडान, म्यानमार (बर्मा) र युगोस्लाभियामा केन्द्रित गरेको छ । रेगनका पूर्व सुरक्षा सल्लाहकार फ्रायड कार्लुसि र पूर्वनाटो सर्वोच्च कमाण्डर वेस्ली के क्लार्कलाई यस वर्ष नयाँ बोर्ड सदस्यहरूमा नियुक्त गरेबाट एनइडिका प्राथमिकताहरू थाहा पाउन सकिन्छ ।

यसको विगतका १८ वर्षमा एनइडिले दिएका अनुदानहरूको मूल्यांकनबाट यसप्रवृत्तिको विषयमा बढी थाहा पाउन सकिन्छ ।

सन् १९८० तिर निकारागुआमा रेगनले छेडेको अमेरिकादेखि निकारागुआसम्मको घृणित युद्धको बेला कर्णेल ओलिभर नर्थको 'इरान - कन्ट्रा 'प्रजातन्त्र अभियान' को लागि एनइडिले रकम प्रदान गरेको थियो ।

सन् १९९० देखि १९९२ सम्ममा यसले 'क्युवाली अमेरिकी राष्ट्रिय कोष' लाई २ लाख ५० हजार डलर सहयोग गरेको थियो । यसले सन् १९९६ को मंगोलिया निर्वाचनमा जालसाझी गरेको थियो । सन् १९८९ मा निकारागुआको सान्डिनिष्टाविरोधी गठबन्धनलाई ३० लाख डलर सहयोग गरेको थियो । यसले सन् १९९० मा बुल्गेरियाको प्रजातान्त्रिक रूपमा निर्वाचित सरकारलाई र सन् १९९१ र १९९२ मा अल्बानियाको सरकारलाई ढाल्ने योजना बनाएको थियो ।

सन् १९९४ देखि १९९६ सम्म अमेरिकी स्वतन्त्र श्रमिक विकास संस्थानलाई यसले १५ पटक गरी २५ लाख डलर सहयोग गरेको थियो । यस संस्थानलाई एनइडिले लामो समयदेखि विश्वका प्रगतिशील संघहरू ध्वस्त गर्न प्रयोग गर्ने गर्दथ्यो । सन् १९८० मा यो फ्रान्समा सक्रिय थियो र यसले फ्रान्समा कम्युनिष्ट पार्टीलाई चासोको विषय बनाएको थियो । सन् १९८४ मा प्रजातन्त्रको निम्ति राष्ट्रिय दान कोष एनइडिले 'प्राध्यापकहरूको वामपन्थी संगठनको प्रतिकार गर्न अर्को एउटा मजदुर संघ जस्तो प्राध्यापक र विद्यार्थीहरूको संगठनलाई' समर्थन गरेको थियो । विदेशलाई घृणा गर्न कम्युनिष्टविरोधी संगठन, फ्रान्सेली राष्ट्रिय अन्तर-विश्वविद्यालय संघलाई यसले १५ लाख डलर अनुदान दिएको विषयलाई 'मुक्ति'ले उदांग्यायो ।

एनइडिले आफ्नो कोषबाट एकतिहाइ जतिमात्र खर्च गर्ने गर्दछ । यसबाहेक बाँकी रकम अरु धेरै संगठनहरूबाट खर्च गर्थ्यो । तीमध्ये एउटा संगठन अन्तर्राष्ट्रिय श्रमिक ऐक्यवद्धता अमेरिकी केन्द्र हो र यो अमेरिकी मजदुर महासंघ (टुक) जस्तै (एएफएल-सिआइओ) सँग सम्बद्ध छ । सन् १९४७ देखि एएफएल-सिआइओले विश्वभरका मजदुर संघहरूलाई नष्ट गर्दै अमेरिकी राज्य विभाग र सिआइएको मोर्चाको रूपमा कार्य गर्दै आएको थियो ।

त्यसले कम्युनिष्टविरोधी अन्तर्राष्ट्रिय स्वतन्त्र मजदुर महासंघको स्थापना गरेर विश्व मजदुर आन्दोलनलाई टुक्रयाउनुमा महत्वपूर्ण भूमिका खेलेको थियो । समाजवादी "देशहरू सामेल भएको विश्व मजदुर महासंघलाई पश्चिमा मजदुर आन्दोलनसँग कुनै पनि प्रकारको सम्बन्धबाट अलग्ग गर्न यसको स्थापना भएको थियो । अर्को एउटा संगठन अन्तर्राष्ट्रिय निजी कम्पनी केन्द्रहो र यो अमेरिकी वाणिज्य संघसँग सम्बद्ध छ । यसले विकासशील विश्वमा स्वतन्त्र कम्पनीहरूलाई प्रोत्साहित गर्दछ र आफ्ना सदस्य कम्पनीहरूको लागि ठेक्का दिलाउन चिन्तित रहने गर्दछ । अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्थान (आइआरआइ) र राष्ट्रिय प्रजातान्त्रिक संस्थान (एनडिआइ)ले क्रमशः अमेरिकी रिपब्लिकन र डेमोक्रेटिक पार्टीको हितहरूको प्रतिनिधित्व गर्दछ ।

'द नेशन' पत्रिकाका वाशिङ्गटनस्थित सम्पादक डेभिड कर्नले एनइडिको अनुदान प्राप्त गर्नेहरू रिपब्लिकन, डेमोक्रेटिक पार्टीका कार्यकर्ताहरू, रुढीवादी मजदुर संगठनवादीहरू र स्वतन्त्र व्यापारीहरूको सानो वृत्तको लागि एउटा संघीय राज्यको खर्चको योजना बनाएका थिए ।

**१३० डलर र एउटा मोबाइल फोन**

पश्चिममा मिलोसेभिकविरोधी आन्दोलन 'उनको अन्त्य भयो' र 'यही सही समय हो' जस्ता नाराहरू भित्तामा लेखेर शुरु भयो । 'तल्लैदेखि जग भएका प्रभावशाली राजनीतिक सङ्गठनहरू निर्वाचन अभियान व्यवस्थापन र निर्वाचन सर्वेक्षण जस्ता कार्यहरूलाई प्रोत्साहित गरेकोमा आफूलाई गौरवान्वित अनुभव गर्ने अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्थानले युवा सङ्गठनहरू' बनाउने जिम्मा लियो ।

फ्लोरिडाका रिपब्लिकन गभर्नर र राष्ट्रपति बुशका भाइ जेव बुशले सन् १९९९ मार्च महिनामा आइआइआइको अथक कार्यले 'विश्वमा प्रजातन्त्र, खुला समाज र विश्वभर स्वतन्त्रताको आशा बढाएको छ' भनी बताए ।

फ्लोरिडामा स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनमा रिपब्लिकनहरूले हासिल गरेको अनुभव पूर्व युगोस्लाभियाको सन्दर्भमा अति मूल्यवान सावित भयो । मेसिडोनियाका प्रधानमन्त्री जर्जीवेस्किले स्पष्ट शब्दमा भने- '५३ वर्षमा पहिलो पटक मेसेडोनियामा कम्युनिष्टहरू सत्तामा पुगेन । हाम्रो विजय आइआरआइको सहयोगविना सम्भव थिएन ।'

'सर्वियाली विद्यार्थी प्रदर्शन गराउने समूहलाई आफूले प्रशिक्षण दिएको' भनेर आइआरआइले गर्वपूर्वक घोषणा गऱ्यो । यो समूहको नाम ओटपोर वा 'प्रतिरोध' (Resistance) थियो । त्यो समूह सन् १९९८ अक्टोबरमा वेल्ग्रेड विश्वविद्यालयमा स्थापना भएको थियो । स्थापनादेखि नै अमेरिकाले ओटपोरसँग सम्बन्ध राख्यो । एनइडिका पाउल म्याककार्थीले 'अअसन् १९३९ अगष्टदेखि ओटपोरले उल्लेख्य मात्रामा डलर प्राप्त गर्न थालेको बताए । एनइडिबाट सबैभन्दा बढी रकम प्राप्त गर्ने संख्या इतएइच बन्यो । म्याक कार्थी, ओटपोरका नेताहरू भेट्न पोडगेरिका, मोन्टेनेग्रो, हंगेरीको सेगेड र बुडापेष्टमा जान्थे । सन् २००० को एनइडिको प्रतिवेदनअनुसार सन् १९९९ मा स्लोभाकियाको राजधानी ब्राटिस्लाभास्थित ओटपोरका क्षेत्रीय कार्यालयहरूलाइएनइडिले ७ लाख ३५ हजार १७७ डलर सहयोग गरेको थियो र युगोस्लाभियामा सार्वजनिक कार्यक्रमहरू विशेष गरी अमेरिकी सहायता कोष जारी राख्नको लागि युसआइएले 'विद्यार्थी आन्दोलनलाई सक्षम बनाउन भौतिक र सङ्गठनात्मक समर्थनको निम्ति' ७४ हजार ७३५ डलर अनुदान दिएको थियो ।

वासिङ्गटन पोष्टका माइकल डोब्सका अनुसार 'यो पहिलो चुनाव एउटा समूहमाथि केन्द्रित क्रान्तिको परीक्षण थियो ।' बजार प्रमुख मिलान स्टेभानोविकले बताए– अमेरिकाको यो नै वास्तविक वैज्ञानिक प्रमाणमा आधारित प्रथम रणनीतिक अभियान थियो ।'

सन् १९९९ अक्टोबर महिनामा अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्थानका डेनियल कालिनगार्टले ओटपोरका नेताहरूलाई हंगेरी र मोन्टेनेग्रोमा ७ देखि १० पटकसम्म भेटे । सन् २००० को ३१ मार्चदेखि ३ अप्रिलसम्म बुडापेष्टको हिल्टन होटलमा भएको गोष्ठीमा २४ जना ओटपोरका नेताहरूले भाग लिएका थिए । उक्त गोष्ठीमा कर्णेल रोबर्ट हेलभीले हड्ताल कसरी गर्ने, सङ्केतहरूबाट कसरी कुराकानी गर्ने, डर कसरी हटाउने र सरकारी निकायहरूलाई कसरी बेवास्ता गर्ने भन्ने कुरामा सम्बोधन गरेका थिए । रिपब्लिकन अमेरिकीहरूले हिल्टन होटलमा आफ्नो डेरा जमाएका थिए । त्यो होटल पुरानो सहर भएको सुन्दर क्यासलजिल्लामा थियो । अमेरिकीहरूले चाहेजस्तो ३२२ वटा कोठाहरू भएको आधुनिक मापदण्डमा थोरैमात्र परेपनि तिनीहरू वातानुकुल बन्दोबस्त भएको, राम्रो नुहाउने ठाउँ र सानो रक्सी खाने भट्टीको समेत सुविधा भएको धक्कु लगाउँथे । मनमोहक वातावरणमा पियानोको संगीतले अन्तर्राष्ट्रिय पाहुनाहरूलाई सेवा पुऱ्याउँदै घुमन्तु जाति जिप्सीहरूको बाजा- गाजाको धुनमा त्यहाँ हंगेरियाली खाना पस्किइन्थ्यो । ओटपोरका प्रमुख श्रदा पोपोभिकको शब्दमा 'एउटा सुविधा सम्पन्न होटलमा क्रान्तिको आयोजना गर्नु मुर्ख्याइँ हो तर अमेरिकीहरूले उक्त ठाउँको छनोट गरेका थिए ।'

कर्णेल हेलभी लामो समयसम्म पैदल सैनिक थिए र उनले सन् १९८० को दशकमा भियतनाममा दुईपटक मात्र कार्य गरेका थिए । पछि उनी हार्भर्ड विश्वविद्यालयमा अन्तर्राष्ट्रिय मामिलामा केन्द्रमा वरिष्ठ सैनिक अधिकारी बने । त्यहाँ उनी अन्तर्राष्ट्रिय मामिला केन्द्र को अहिंसक नाकाबन्दी कार्यक्रम चलाउने जीन शार्पसँग नजिकिए । शार्पले सन् १९८३ मा अमेरिकाको दक्षिणी राज्यहरूमा भेदभावविरुद्धको अभियान र उपनिवेशी शासनविरुद्धको गान्धीको संघर्षको अध्ययनहरूमा आधारित रहेर नराम्रो नाममा 'अल्बर्ट आइन्सटाइन संस्थान' स्थापना गरे । शार्पका अनुसार 'यी सबै राजनैतिक शक्ति खोस्नको लागि थियो १ यसबारे अरुको अगाडि अस्वीकार गरिन्थ्यो ।'

सीराकज विश्वविद्यालयका लुइस क्रेसवर्गले 'जीन शार्पको लिथुआनियाका कोही व्यक्तिहरू र वाल्टीक देशहरूका केही व्यक्तिहरूसँग बढी हेलमेल भएको' कुरा स्वीकारेका छन् । ३ वटै वाल्टिक राज्यका नेताहरूले आफ्नो सोभियतविरोधी संघर्षहरूमा IRI को संलग्नताको प्रशंसा गरेका छन् ।

शार्पका उपायहरूलाई 'भ्रातृहरूको उद्धार' नामक सङ्गठनले क्युवामा उपयोग गयो । त्यसका नेता जोसे बासुल्टोले उक्त उपाय सफल हुने विश्वास व्यक्त गरेका थिए । सन् १९८३ देखि १९८५ सम्म हेलभी म्यानमार वा वर्माको अमेरिकी राजदूतावासमा अमेरिकी सुरक्षा पार्श्ववर्तीको सुरक्षा सहचरी थिए ।

सन् १९९३ देखि १९९६ सम्ममा उनी आइन्सटाइन संस्थानका प्रशासनिक अधिकारी र ब्रुस जेन्किन र आइआरआइका माइकल मिचेलसँग मिलेर हाल गृह नजरबन्दमा रहेकी म्यानमारकी राष्ट्रिय प्रजातन्त्र लीगकी नेतृ आङ साङ सूचीका विद्यार्थी समर्थकहरूलाई प्रशिक्षण दिने कार्यमा संलग्न थिए । त्यसपछि हेलभी सीमा जोडिएको थाइल्याण्डमा गए ।

उनले आङ साङ सूचीका समर्थकहरूलाई प्रशिक्षण दिन जारी राखे तथा कारेन विद्रोहीहरूका जेनेरल बो म्यासँग पनि सम्बन्ध राखे । यी क्रियाकलापहरूबारे म्यानमार सरकारले संयुक्त राष्ट्रसंघीय महासचिव समक्ष गुनासोको औपचारिक पत्र पठाउने कार्यको आधार बन्यो ।

सन् १९८८ देखि १९८९ सम्ममा उनी हङकङमा थिए र त्यही समयमा पेकिङको तियानमेन चोकमा प्रदर्शनहरू भएका थिए । त्यहाँबाट उनी बुडापेष्टमा क्ष्च्क्ष को सहयोगमा युगोस्लाभियाली विद्यार्थीहरूको ओटपोरका नेताहरूलाई आफ्नो 'राजनीतिक अवज्ञा' पुस्तकको प्रयोग गर्न प्रशिक्षण दिए । सन् २००० को जुलाई महिनामा श्रदान मिलिभोजेभिक 'उनको अन्त्य भयो'को नाराका साथ अगाडि आए ।

त्यस पर्चा र स्टिकरहरू छापेपछि यो नाराबारे जनताको विचार जान्न मत सर्वेक्षण गरियो । 'स्टिकर र बजार व्यवस्थापक' विभागका प्रमुख इवो एण्डिकले न्यूयोर्क टाइम्सलाई भने- 'त्यसबेला जनताको धारणा थाहा पाउने सर्वेक्षणका नतिजाहरू सान्है महत्वपूर्ण थियो ।'

तिनीहरूले कसरी कार्य गरे भन्ने कुरा तलको उदाहरणबाट प्रस्ट हुन्छ ।

एउटा सानो नगरबाट ओटपार संगठनमा सामेल हुन बेल्ग्रेडआएका आका राडिकलाई पोपोभिकले केही क्षणको कुराकानीपश्चात् पर्चाहरू, पोस्टरहरू, ओटपार टी-शर्टह, १३० अमेरिकी डलर र एउटा मोबाइल फोन दिए । न्युयोर्क टाइम्सका अनुसार उसलेभन्यो 'म खुशी थिएँ, म तीशब्द प्रचार गर्न घर जाँदा आफू क्रान्तिकारी भएको अनुभव गरें ।'त्यसबेला औसत ज्याला ३० डलरभन्दा कम थियो, कालोबजारमा डलरको मूल्य चर्को थियो ।

सन् २००० मा अन्तर्राष्ट्रिय सम्बन्ध राख्ने स्लोबोदान होमेनअलब्राइटको सम्बोधन सुन्न बर्लिन पुगे तथा त्यसपछि क्रोएसियाका लागि पूर्वअमेरिकी राजदूत विलियम डी. मोन्टगोमेरसँग अमेरिकी दूताबासमा भेटे । अमेरिकी अधिकारीहरूसँग सल्लाह गर्न होमेनले 'दर्जनौं पटक यात्रा' गरे १ यस सन्दर्भमा मोन्टगोमेरीको भनाइ थियो- म्याडिलिन अलब्राटकोलागि मिलोसेभिक उच्च प्राथमिकताको एउटा व्यक्तिगत विषय थियो, उनी मिलोसेभिकको पतन चाहन्थिन् र ओटपोर मिलोसेभिकको शासनसँग टक्कर लिन तयार थियो । मिलोसेभिकको पतनभन्दा अगाडिका केही महिना सर्वियामा लागेको आगो, शक्ति, उत्साह, पैसा र हरेक चीजको ओइरो कहीं पनि ओइरेको थिएन । अमेरिकी सहयोग संस्थाका सह-प्रशासक डोनाल्ड एल प्रेस्लीले सन् २००० को लागि छुट्याइएको २ करोड ५० लाख डलरमध्ये कैयौं हजार डलर टिसर्ट र पर्चा जस्तो प्रदर्शनका सहायकसामग्रीहरूको लागि ओटपोरलाई दिइएको थियो । वासिङ्गटनस्थित रोन्को कन्सल्टिङले 'उसको अन्त्य भयो' लेखिएको २७ करोड २० लाख स्टीकरहरू छाप्न युगोस्लाभियामा नपाइने ५ हजार रंगको बट्टा र ८० टन विशेष कागतको आपूर्ति गरेको थियो । यसको लागि युएसएडले रकम वेहोरेको थियो ।

पैसा भरिएको सुटकेसहरूको विषयमा ओटपारका मार्को डुरिक मिलोसेभिकले वासिङ्गटन मासिक लाई भने 'सरकारमा केही भ्रष्टाचार हुँदा यस्ता पैसा आउने बाटाहरू रहे ।'

**एक दिनको ५ डलर**

दक्षिणी हंगेरीस्थित एउटा सानो नगर सेगेड युगोस्लाभ सीमाभन्दा १० मिनेटको मोटरको दूरीमा छ । त्यसको नजिकै एउटा सर्वियाली मन्दिर छ । सन् २००० को गर्मी याममा हजारौं युगोस्लाभहरूले IRI को रकममा त्यहाँको भ्रमण गर्ने निर्णय गरे । सेगेडमा आइआरआइका जोन एनेलि 'स्वतन्त्र निर्वाचन पर्यवेक्षकहरूलाई' प्रशिक्षण दिने तयारीमा जुटेका थिए । उनले भने- 'हामीहरूले ती युगोस्लाभियालीहरूलाई निर्वाचनबारे सिकाउन नक्कली मतदान बाकस राखेर मतदान केन्द्रहरू बनायौ र मतदानका सबै प्रक्रियाहरू तिनीहरूलाई सिकायौं ।'

इतएइच का ४०० सदस्यहरूले अमेरिकी प्रशिक्षण प्राप्त गर्न सेगेडको भ्रमण गरे तथा त्यहाँबाट फर्केर थप १५ हजारलाई तिनीहरूले तालिम दिए । निर्वाचनको दिन हरेक 'स्वतन्त्र' पर्यवेक्षकलाई ५ डलर दिइयो । त्यो रकम अमेरिकी राज्य विभागले व्यहोरेको थियो । ती पर्यवेक्षकहरूको पर्यवेक्षणमा आधारित रहेर प्रतिपक्षले मतगणनाभन्दा पहिले नै परिणामको घोषणा गरे । ती परिणामहरू स्वतन्त्र युरोप रेडियो (रेफकी) 'रेडियो मुक्ति' (आरएल), बेलायती प्रसारण केन्द्र (बिबिसी), भ्वाइस अफ अमेरिकामार्फत् देशभरि प्रचार गरियो र युएसआइएको रकममा सञ्चालित 'स्वतन्त्र' सञ्चारमाध्यमहरूले त्यसलाई दोहोऱ्याए ।

**हराउने ट्रेडमार्क र बेच्ने ट्रेडमार्क**

युगोस्लाभियाको निर्वाचनको एउटा उल्लेखनीय पक्ष के थियो भने विभाजित प्रतिपक्ष पहिलो पटक मिलोसेभिकविरोधी एकजना उम्मेदवारको वरिपरि एकजुट भएका थिए । त्यहाँका राजनीतिक पार्टीहरूको जिम्मेवारी अमेरिकाको एनडिआइले लिएको थियो, एनडिआइले आफ्ना क्रियाकलापहरू रिपब्लिकनहरूका प्रिय होटल हिल्टनभन्दा ५ मिनेटको दूरीमा रहेको मारियोट होटलमा बसेर सञ्चालन गर्दथ्यो ।

NDI को केन्द्रीय पूर्वी युरोपेली कार्यक्रमका प्रमुख डेबोराह अलेक्जेन्डरले सन् १९९९ को अक्टोबरमा मारियोट होटलमा एउटा गोष्ठीको आयोजना गरेको थियो । यस कार्यक्रमको लागि वाशिङ्गटनस्थित एउटा कम्पनीले विभिन्न राजनीतिक रणविद्हरूको सहयोग लियो । सन् १९९२ मा क्लिन्टन यौन दुर्बलताको काण्डमा मुछिँदा उक्त कम्पनीले तयार गरेको रणनीतिको कारण डेमोक्रेटहरूले दोस्रो पटक निर्वाचनमा विजय प्राप्त गरे । त्यो विजय सस्तो थिएन ।

» बाँकी ३ पेजमा

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

स्मृति

# बौलाहा रिमाल

श्यामप्रसाद शर्मा

२००७ सालअघिको नेपाली साहित्य र राजनीतिमा चाख लिइसकेकाहरूलाई गोपालप्रसाद रिमालको परिचय दिइरहनुपर्ने आवश्यकता छैन। नेपाली गद्यकविताको विकासमा उहाँको जुन भूमिका रहेको छ, हाम्रो नाट्य साहित्यमा उहाँको 'मसान' को जुन उत्कृष्ट ठाउँ छ, नेशनल लीग र प्रजापञ्चायत आदिको गठन र तीद्वारा भएका सामाजिक-राजनीतिक आन्दोलनहरूमा उहाँको जुन देन रहेको छ, ती कुराहरूको आज वास्ता नभइरहेको भए तापनि हाम्रो राष्ट्रिय जीवनको इतिहासमा तिनको निकै महत्त्वपूर्ण स्थान छ।

रिमालज्यूसँग मेरो परिचय ००७ सालमा भएको हो। उहाँलाई डिल्लीबजार कालिका स्थानतिरको नजरबन्दीबाट र मलाई सिंहदरबार गारदको थुनाबाट झिकी एउटै ट्रकमा हालेर बन्दाबन्दैको नख्खु जेलमा पुऱ्याइएको थियो। त्यस दिन पाँच सातजनाले साइत गरेको त्यस जेलमा अलि महिनापछि सवा सयभन्दा घटी राजबन्दी भेला भएन होलान्। झ्यालखानामा पुगेदेखि नै म उहाँको ज्यादै घनिष्ठ सम्पर्कमा आएँ। त्यहाँ हामी निकै महिनासम्म बस्यौं र क्रान्तिपछि सबै राजबन्दी छाडिँदा सँगै छुट्यौं। यस निबन्धको विषय भने जेलमा छँदाका कुरा नभएर सात सालपछि रिमालज्यूसँग बखत बखतमा भएका मेरा कुराकानी र तिनले मेरो भावनाजगत्मा पारेका प्रभाव आदि नै छन्।

मैले भेटेको बेलामा नै रिमालज्यू विक्षिप्त भइसक्नुभएको थियो। त्यसपछि बीच-बीचमा कहिलेकाहीँ उहाँ सद्धे हुन लाग्नुभएको जस्तो लक्षण देखिएको थियो तापनि आजसम्म उहाँलाई बिसेक भइसकेको छैन। बरू विक्षिप्तता झन्झन् बढ्दैगइरहेछ र अब हम्मेसि निको हुनुहोला भन्ने पनि देखिन्न।

सद्दे समाजको सदस्य भइखाएकाले अरू मानिसका अगाडि म रिमालज्यूबाट परपर भएर हिँड्न खोज्छु। तर, उहाँ बौलाहा हुनुभएकाले यस्तो भेद गर्नुपर्ने आवश्यकता ठान्नुहुन्न र मलाई देखेपछि नजिक पर्न खोज्नुहुन्छ। केही गरी मैले देखिन वा देखेको नदेख्यै गरी हिँड्न खोजें र उहाँले देख्नुभयो भने उहाँ स्वाभाविक किसिमबाट तर, रोबिलो ढङ्गसँग बोलाउनुहुन्छ- 'ए श्याम यता आ।' उहाँ बौलाहा भएर मलाई आउनुहोस्को सट्टा 'आ' अथवा 'आइज' भन्ने गर्नुभएको होइन। पहिलोपल्ट बोलचाल भएदेखि नै उहाँले मलाई भैया, भाइ या श्याम र तँ भन्ने गर्नुभएको हो र आज पनि त्यही नजीकको साइनु लाएर मप्रति उहाँ त्यत्तिकै स्नेहपूर्ण व्यवहार गर्नुहुन्छ। जब श्यामप्रसादज्यू र तपाईं भनिकन पनि भित्रभित्रै कैंची काटेर हिंड्ने भलादमीहरूको व्यवहारबाट भाउन्न भएर वाक्क आउन खोज्छ, त्यसबेला मलाई बौलाहा रिमालसँग घण्टौंसम्म बसी कपटको गन्धसम्म पनि नआउने उहाँको 'तँ' र 'श्याम' जस्ता सम्बोधनमा विलक्षण विलक्षणका कुराहरू सुन्न मन लाग्छ। अनि म आफैं नजीक पर्न जान्छु र कुरा उप्काउँछु- 'दाजु के गर्नु लाग्नुभएको ?' अथवा 'दाजु कहाँ जान लाग्नुभएको ?'

एकताका रिमालज्यूले 'जोडा लेखक संघ' को नाउँबाट रसिद - किताबहरू छपाउनुभएछ र त्यसको सदस्य बनाउँदै तथा चन्दा बटुल्दै हिँड्ने गर्नुभएको रहेछ। बाटामा भेट हुँदा उहाँले मलाई सदस्य बन्न भन्नुभयो। मैले एक-दुई दिनपछि बनुलाँ भनी बराबर टारिरहें। त्यसरी टार्नुपर्ने मुख्य कारण के थियो भने सदस्यता शुल्क एक वा दुई रूपियाँ राखिएको थियो र त्यसबेला आफू ढाक्रे भएकाले त्यति रुपियाँ खर्च गर्न मलाई गाह्रो लागिरहेको थियो। तर एकदिन मलाई रिमालज्यूले समातेर भन्नुभयो- "सधैं छल्न पाउँदैनस्। सदस्य बन्ने भए अहिल्यै बनिहाल, नबन्ने होस् भने बन्दिनँ भन्। अनिमात्र छाड्छु।" मैले साँचो कुरा बक्न करै लाग्यो- "रुपियाँ नभएर पो सदस्य बन्न नपाएको त। रूपियाँ दिन नसके पनि कहिलेकाहीँ लेखक संघको काम त गरिदिन सक्छस् कि ?" उहाँले सोध्नुभयो। "त्यसो त किन नसक्नु ?" भन्ने जवाफ दिएपछि शुल्कबिना नै म सदस्य भइहालेँ।

त्यस दिनको त्यो सानो घटना अचेल दिनहुँ भनेजसो अनेक प्रसङ्गमा दाँजिन आई बौलाहा र सद्देको परिभाषा छुट्याउन मलाई अप्ठ्यारो पार्छ। अचेल म आफूले निकाल्न आँटेका पत्रिकाहरूको ग्राहक बनाउँदै र चन्दा बटुल्दै हिँड्ने गर्छु। निकै जना प्रतिष्ठित व्यक्तिहरू दुई-चार दिनपछि ग्राहक बन्छु, विशेष चन्दा पनि दिन्छु भनी बाचा बाँध्छन्। तर, दुई-चार दिनपछि भेट्दा फेरि दुई चार दिनको भाका गर्छन्। त्यसपछि पनि एउटा न एउटा निहुँबाट अलमल्याइरहन छाड्दैनन्। यसरी तिनीहरूले ढाँटेको देख्ना रिमालज्यूले पाखुरामा समातेर ती महाशयहरूसँग भन्न मन लाग्छ- 'जो सकेको सहयोग गर्ने हो भने गर, नगर्ने हो भने गर्दैनौं भनी सफासफी जवाफ देओ। किन अरूलाई बिनसित्ति झुलाउँछौ ?' तर, मनमा यस्तो भावना उठे तापनि त्यस्तो व्यवहारलाई यस्तो जवाफ दिनु अनुचित नलागे तापनि प्रचलित शिष्टाचार र सभ्यताको नाताले म त्यसो गर्न सक्तिनँ। ग्राहक बनाउने र चन्दा उठाउने कुरा त जान दिऊँ, आफूले काम गरेबापत तोकिएको पारिश्रमिक लिने बेलामा समेत मलाई धेरैपल्ट यस्तो अप्ठेरो परेको छ। भरे-भोलिको भाका राख्ने हुँदै पहिल्यै माया मार्न पनि सकिएन। तर आखिरमा कामको रूपियाँ मात्तै नगुमाई आजित नहोउन्जेलसम्म धाउँदाको मिहिनेत र समय पनि खेर फाल्नुपरेको छ।

सदस्यतासम्बन्धी नियम पनि बौलाहा रिमालले बनाएको संघको जस्तो चित्तबुझ्दो रिमाललाई बौलाहा भन्ने सद्दे लेखकहरूले बनाएका संघको देखितनँ। त्यसैले इच्छा हुँदाहुँदै पनि कैयन सामाजिक र सांस्कृतिक संघसंस्थाहरूको म सदस्य बन्न सकेको छैन। रिमाल त बौलाहा हुनाले मैले नगद शुल्क तिर्न नसक्ने अवस्था जनाउँदा "उसो भए केही काम गरिदिनू" भनी उहाँले मलाई सदस्य बनउनुभएथ्यो। तर नबहुलाएका मानिसहरूले बनाएका सङ्घमा त्यति उदार नियम कसरी हुन सक्छ ? "तपाईंप्रति हाम्रो सहानुभूति छ। तर के गर्नु नियमले गर्दा" भनी उनीहरू सदस्य बन्न आएका मजस्ता धेरै जनालाई फर्काउँछन्। त्यसबेला म बुझ्न सक्तिन, नियम भन्ने कुरालाई मानिसको सुविस्ता हेरी सच्याउँदै लैजानुपर्ने आवश्यकता छ अथवा पुरानो नियमबाट मानिसलाई मर्का परेको देख्तादेख्तै पनि त्यसलाई जस्ताको तस्तै रहिरहन दिनु नै सुसभ्यता हो। २०१२ साल माघ। सहिद सप्ताहको कार्यक्रमअन्तर्गत सरस्वती - सदनमा साहित्य सम्मेलन गरिएको थियो। रिमालज्यू पनि कविता सुनाउन चाहनुहुन्थ्यो। उहाँले मलाई भन्नुभयो। मैले आयोजकछेउ गई नाम टिपाउन जे राय दिएँ, उहाँले त्यसै गर्नुभयो, तर साराको पालो आयो, उहाँको पालो आउने लक्षण देखिएन। यत्तिकैमा रिमालज्यूले "मेरो पालो कहिले आउँछ ?" भन्नुभयो। मैले यसपल्ट पनि आयोजकसँग नै सोध्ने सल्लाह दिएँ। उहाँले आयोजक महोदयसँग दुई-तीन पल्ट सोध्नुभयो। तर प्रत्येक पल्ट "तपाईंको पालो एकछिनपछि आउँछ" भनी टार्न खोजियो। उनीहरूले रिमाललाई बौलाहा भनी मञ्चमा उक्लनै नदिने सुर कसेका रहेछन् भन्ने बल्ल मैले बुझें।

देशका निम्ति चल्दाखेरि अङ्गभङ्ग भएका अथवा शारीरिक या मानसिक स्वास्थ्य गुमाएका मानिसहरू देख्ता मलाई अर्द्धसहिदको दर्शन पाएझैं लाग्छ। त्यसैले त्यसबेला रिमालज्यूप्रतिको त्यस किसिमको व्यवहार मलाई सहिदपर्वमा सहिदकै अपमान भएझैं लाग्यो। आराधना गरेपछि सहिदहरू बाँचेर आउने भएदेखि त्यसबेला त्यहाँ भेला भएका निकै जनाले मेच र टेबिल आदि जे-जे पायो त्यही टिपी उनीहरूलाई बेस्सरी भकुर्दा हुन् कि भन्ने पनि लाग्न थाल्यो।

त्यहांको वातावरणले त्यस्तो उपमा सम्झना गराएकाले कृत्रिम लोकाचारहरूबारे एक मन त मलाई हाँसो पनि उठ्यो। तर उत्निखेरै मलाई त्यहाँ भएकोले माइकभन्दा पनि ठूलो स्वरले "शहीहरूको उपहास बन्द गर" भनी चिच्याउने भोक चल्यो, बौलाहा भनियूँला भन्ने डरले त्यसो गर्ने आँट पुगेन तापन मैले रिमालज्यूसँग सुटुक्क भनें- 'दाजु उक्लनुहोस् मञ्चमा र सुनाउनुहोस् आफ्ना कविता, हेरौं त तपाईंलाई कसले छेक्दो रहेछ।' रिमालज्यू मण्डपमा उक्लनुभयो। त्यस सम्मेनलमा सुनाइएका कविताहरूमध्ये उहाँकै कविता सबभन्दा उम्दा थियो 'गुनासो' शीर्षकको उहाँको त्यो गद्यकविता रूचाएर सुन्नेहरूले दुईतीनपल्ट थपडी बजाएथे। यस घटनाले रिमालज्यूको बहुलट्ठीपन त सिद्ध गर्न सक्तैन, तर यहाँनिर हाम्रो समाजकै हावा खुस्केको हो कि भनी शङ्का गर्ने ठाउँ भने अवश्यछ।

एकदिन मैले रिमालज्यूसँग भनें "दाजु, तपाईंलाई अचेल प्रशस्त फुर्सत देख्छु। एक-दुइटा पुस्तक लेख्नुभए पनि बेस हुन्थ्यो।" जवाफ मिल्यो- "पहिले लेखेको पुस्तक त प्रकाशित गरिदे।" मैले भनें- "के लेख्नुभएको छ ? खोइ त पुस्तक हेरूँ ?" भन्नुभयो, "एउटा नाटक समितिमा छ। लिन गएको दिएनन्।" मलाई लाग्यो- 'बौलाहाको तरङ्ग हो न हो २००३ मैं प्रकाशित भइसकेको 'मसान'लाई अझै अप्रकाशित रूपमा रहेको छ भन्ने ठान्नुभएको होला।' किनभने त्यसबेलासम्म रिमालज्यूले अर्को पुस्तक पनि लेख्नुभएको छ भन्ने मलाई थाहा थिएन। तर, पछि एकदिन ने. भा. प्र समितिको अवस्था बुझ्न भनी त्यहाँ जागिर भएका एकजना लेखककहाँ गएको बेलामा मैले रिमालज्यूको पुस्तकबारे नपत्याई- नपत्याई सोधिहेर्दा पो सबै रहस्य खुल्यो। रिमालज्यूले तलब लिएर लेखेको हुनाले त्यो पुस्तक उहाँलाई फिर्ता दिन नसकिएको रहेछ र "बौलाहासँग के कुरा गर्नु।" भनी समितिका मानिसले उहाँलाई कुनै बिङ्गो लाएर फर्काइदिएका रहेछन्। रिमालज्यूलाई पुस्तक फिर्ता नगरियोस् सही, तर कुनै कृतिलाई यसरी कुहाएर राख्नु कर्तव्य हो ? के यस पुस्तकको छापिने पालो आउनै सक्तैन ? समाज रिमालज्यूप्रति सद्भावना र सहानुभूतिपूर्ण नबनेको होस्, तर आज विक्षिप्तावस्थामा समेत यस समाजको केही भलो गरूँ भन्ने भावना उहाँमा देखिन्छ। एकदिन सोध्नुभयो- "ए भाइ, तैंले 'गोरखापत्र' मा जागिर नखाएको ?" मैले भनें- "'गोरखापत्र'मा काम गर्ने मानिस छँदैछन् नि ?" जवाफ दिनुभयो- "त्यस्तो कामले भएन। यसलाई 'प्रावदा' पार्न सक्नुपर्‍यो।" एकजना भूतपूर्व मन्त्रीले गोरखापत्रलाई बन्द गरी आफ्नो दैनिक अखबारको एकलौटी कायम गर्ने दाउ लिएका छन् भन्ने पनि मैले सुनेको हुँ। यसरी एकातिर राष्ट्रका कर्णधार 'भइखाएकाहरूमा यस्तो क्षुद्रता देखिन्छ भने अर्कोतिर रिमालज्यू 'गोरखापत्र' को स्तर उकासी यसलाई आधुनिक रूप दिएर संसारभरका सुप्रसिद्ध अखबारहरूको दाँजोमा पुऱ्याउन चाहनुहुन्छ। कानाको मुलुकमा पुगेपछि एउटा आँखा चिम्लेर हिँड्न नजान्ने अथवा नखोज्ने रिमालजस्ता मानिस साँच्ची नै बौलाहा हुन्।

एकफेर रिमालज्यूले भन्नुभयो- "ए श्याम हामी दुईजना भएर एउटा स्लेटपत्र झिकौं।" राणासरकारले कागत र कलममसी आदि नदिने हुँदा नख्खू जेलमा छँदा हामी राजबन्दीहरूले स्लेटमा लेखेर अखबारहरू निकालेका थियौं। मैले रिमालजीप्रति व्यङ्ग्य गर्दै जवाफ दिए- "अझै नख्खुभित्र छु भन्ने ठान्नुभएको छ हैन ?" उहाँले सोध्नुभयो- "नख्खुमा बसेभन्दा कति अङ्गुल बढिसक्यौं भन्ठानेको छस् त ?" रिमालज्यूको यो प्रश्न त्यस बेलादेखि मेरो मनमा बराबर भनेजसो रूमलिने गर्छ र नख्खु जेलमा छँदाखेरिको अवस्था सम्झन्छु- हामी सारै कष्टमा थियों तापनि जनही डेढमाना चामल आउँथ्यो। आज त्यही डेढमाना चामलको निधो नहुँदा लेखपढद्वारा बौद्धिक विकास गर्ने र देशलाई अघि बढाउनका निम्ति जनशक्तिलाई संगठित पार्ने आदि काममा समय दिन पाइएको छैन। जेल बाहिरबाट आउने चिजबीजले विषमता ल्याउन खोज्थ्यो तापनि हामी सबैजसो राजबन्दीहरू विषमताको मात्रा सकेसम्म कम रहोस् भन्ने चेष्टा गर्थ्यौ। कागतका छापा निकाल्न नपाएका भए पनि हाम्रो पेन्सिलका टुप्पा तीखा थिए। हामीलाई डर, लोभ र बैरीको भेदनीतिले डगाउन सकेको थिएन। इत्यादि।

एकदिन दिउँसो रिमालज्यू टुँडिखेलको एउटा छेउमा गएर बस्नुभयो। उहाँसित कुरा गर्न हिँडेको म पनि सँगै थिएँ। त्यसबेला पुलिसले छेउका केही हातभन्दा भित्र मानिसहरू आउन रोकिरहेका थिए। रिमालज्यूबाट मुढेहातजति साँध छिचोलिएको हो कि जस्तो मलाई लागेको मात्र थियो, पुलिसले त्यहाँनिर बस्न आपत्ति प्रकट गरिहाले। तर, रिमालज्यू हट्नुभएन। पुलिस फेरि कराए। तैपनि रिमालज्यू हट्नुभएन अनि पुलिसले हामीनिरै आएर फेरि भन्दा उहाँले "तिम्रो अफिसरलाई पठाइदेऊ" भन्नुभयो। अनि अफिसर आए। अफिसरले उहाँलाई चिनेका रहेछन् क्यारे, भने- "रिमालज्यू अलि बाहिरपट्टि बसिदिनुपर्यो।" उहाँले केही पर औंल्याएर सोध्नुभयो- "तिनले भने भित्रपट्टि बस्न हुने, मैले नहुने किन ?" नभन्दै रिमालज्यूले औंल्याएको मानिस उहाँभन्दा अझ डेढ हात जति बढी भित्रपट्टि बसेका रहेछन्। तर ती अफिसर अर्का मानिसलाई पनि हटाउन नगई पुलिससँग "सिल्ली हुन्, छाड्दे।" भनेर फर्के।

रिमालज्यू बहुलाउनुभएको छ भन्ने कुरा म पनि मान्छु। तर उहाँलाई सिल्ली मान्नु उहांले सोधेको सवालको जवाफ होइन। न्याययुक्त जवाफ दिन नसक्दा रिमालज्यूलाई सिल्ली भनेर आफ्नो मानसिक हार छोप्न खोज्ने पुलिसका ती अफिसरजस्तै हामीमध्ये पनि धेरै जना आफ्नो पलायनवादी प्रवृत्तिलाई ढाकछोप गर्न सहनशीलता र विनम्रताको अतिशय महत्व गाएर हिँडने छन्। सानासाना भए तापनि न्यायोचित कुरामा बौलाहा रिमालझैं अड्न नसक्दा हामी राधे भइखाएकाले निकै ठूल्ठूला हकहरूसमेत गुमाइसकेका छौं, गुमाइरहेका छौं र यस्तै चाला हो भने अझ पनि गुमाइनै रहनेछौं।

त्यस दिन रिमालज्यूले मेरो ब्यागमा कागतपत्रहरू हेर्नुभएको पनि थियो। मेरो लेखोटमा 'गर्दछ' र 'उठ्दछ' जस्ता क्रियापद देखेर भन्नुभयो- 'पण्डित्याइँ छाँटी लेख्न सक्तैनस् ? गर्छ, हेर्छ, उठ्छ, सुत्छ र बोल्छजस्ता रूप लिन तँलाई कसले छेक्यो ? हाम्रा आमा, दिदी बहिनी र साना भाइ छोराहरू बोल्दा के भन्छन् ?' यसरी बौलाहा रिमाल मलाई कहिलेकाहीँ भाषासम्बन्धी शिक्षा पनि दिने गर्नुहुन्छ। यतिमात्र होइन। अचेल लिपिबारे पनि उहाँको मत फेरिएको देख्छु। केही वर्षअघिसम्म एक, ऐना, उसको र इलम लेख्नुहुने रिमालजी अब ओक, अना, असको र अिलम लेख्ने गर्नुहुन्छ। देवनागरी लिपिमा सुधार गर्नुपर्ने आवश्कता छ वा छैन भन्ने विषयमा भारतमा निकै वर्षदेखि विवाद चलिरहेको छ र सुधारको खाँचो देख्नेहरूले आफ्नो मतअनुसार नै लेखेर पुस्तक पत्रिकाहरू निकाल्ने गरेका पनि छन्। हाम्रो लिपि पनि देवनागरी भएकाले यस सम्बन्धमा हामीले एकपटक त विचार गरिहेर्नुपर्ने नै हो। तर रिमालज्यूबाहेक अरू नेपालीले यस्तो परिवर्तनलाई लिएको अथवा यसको अनावश्यकता देखाएर विचार प्रकट गरेको मलाई थाहा छैन। ( २०१४, फागुन ३ १९५८ फेब्रुअरी १४। 'श्यामप्रसादका निबन्धहरू'बाट साभार)

---

## अमेरिकी...

मारियोट होटलमा डाग स्कोएनले मत सर्वेक्षणका परिणामहरूको चित्रहरूलाई २४ वटा विपक्षी पार्टीहरूमध्ये १८ वटाका नेताहरूसामु देखाए। अलेक्जेन्डर र स्कोऐनले टिपेका मानिसहरूलाई मतसंग्रहका निश्चित समूहहरूको बन्दोबस्त गरिएको थियो। स्कोऐनले सम्मेलनमा एक हुन आह्वान गरे। कुनै पनि समारोहमा अमेरिकीहरूले आफूहरूप्रति सहमत नहुनेले पैसा प्राप्त नगर्ने कुरा स्पष्ट पारेका थिए। अलेक्जेन्डरले जिन्जिकलाई कोष्टुनिकाको अभियान व्यवस्थापकको रूपमा कार्य गर्न प्रेरित गरेका थिए। कोष्टुनिका भने कम मन नपराएका सूचीका व्यक्ति थिए।

अनुपयुक्त र भरपर्दो नभएको हुँदा भुक ड्रास्कोभिकलाई सामेल गरिएन। कोष्टुनिकालाई अमेरिकी सम्बन्धहरूबाट चोखै राखिए तापनि कसरी सन्देश दिने, पत्रकारहरूलाई कसरी जवाफ दिने र मिलोसेभिकका समर्थकहरूको तर्कहरूलाई कसरी खण्डन गर्ने भन्ने विषयमा बुडापेष्टमा ५००० राजनीतिक कार्यकर्ताहरूलाई प्रशिक्षण दिलाउन अलेक्जेन्डरलाई अमेरिकी रकम दिइयो।

निर्वाचनको समय नजिकिँदै गएपछि सन् २००० भरि साप्ताहिक रूपमा नियमित मत सर्वेक्षणहरू थालियो। एकपटक फेरि अमेरिकी पैसाबाट सञ्चालित 'स्वतन्त्र' सञ्चारमाध्यमहरूले 'स्वतन्त्र' मत सर्वेक्षणका परिणामहरू प्रचारप्रसार गरे। युगोस्लाभियाका प्रतिपक्षलाई अमेरिकी सांसद हूपरले १२ वटा क्षेत्रीय कार्यालयहरू र खरीद गर्नुपर्ने सामग्रीहरूको सूची उपलब्ध गराए। उनले अमेरिकी राष्ट्रियसभामा भनेका थिए- 'युगोस्लाभियामा परिवर्तनको लागि बनेको गठबन्धन (द एलाइन्स फर द चेञ्ज)को लागि पैसाको आवश्यकता छ, केही सय हजार अर्थात् केही लाख डलरको रकम र प्रशिक्षणले ठूलो फरक ल्याउन सक्दछ। बुल्गेरियाको सन्दर्भमा गरिए जस्तै युगोस्लाभियाको गठबन्धनको लागि प्रदर्शन गर्न, फ्याक्स, फोन, कम्प्युटर, बाहनहरू र राजनीतिक अभियानका अन्य आवश्यक सामानहरू जुटाउन रकमको अविलम्ब आवश्यकता परेको कुरामा म जोड दिन चाहन्छु।'

'डेमोक्रेटहरूले भाडामा लिएको बजार व्यवस्थापक कम्पनीका प्रमुख श्रदान बोगोसाभजेभिकलाई इतएइच र 'परिवर्तनको लागि गठबन्धन' को समूहहरूमा ध्यान केन्द्रित गर्ने जिम्मा दिइएको थियो। यस कार्यको लागि उनलाई एनडिआईर आइआरआइले पैसा दिने गर्दथे।'

'हामीहरू एउटा ट्रेडमार्क बनाउने प्रक्रियामा थियौं र अर्को ट्रेडमार्कलाई हराउने प्रक्रियामा थियौं। बेच्ने ट्रेडमार्क कोस्टुनिका थियो। हराउनुपर्ने ट्रेडमार्क मिलोसेभिक थियो। प्रतिपक्ष कार्यकारीहरूले गरेको ५ मिनेट लामो सम्बोधनलाई अलेक्जेन्डरद्वारा प्रशिक्षित कार्यकर्ताहरूले युगोस्लाभियाभर फैलाउनुभन्दा पहिले त्यस सम्बोधनको हरेक शब्दलाई अमेरिकी सल्लाहकारहरूसमक्ष छलफल गरिएको थियो र मत सर्वेक्षणसँग जाँचिएको थियो।'

**ऐक्यबद्धता**

सन् २००० को सिलसिलामा 'स्वतन्त्र मजदुर संघ'ले हड्तालहरू, संगीत समारोह, घर-घरमा जाने अभियान र विभिन्न प्रदर्शनहरू गयो, त्यस्ता गतिविधिहरूले अन्ततः मिलोसेभिकको पतन भयो। 'परिवर्तनको लागि गठबन्धन'को समर्थनमा राष्ट्रव्यापी पर्चा छर्ने, पत्रिकाहरूमा लेखहरू प्रकाशित गर्ने र विज्ञापनहरू प्रसारण गर्ने अभियान सुरु गरियो। निर्वाचनको दिनमा 'मजदुर संघ' ले १४०० भन्दा बढी 'स्वतन्त्र' निर्वाचन पर्यवेक्षकहरू उपलब्ध गरायो।

बेलायतमा त्रोत्स्कीवादी 'समाजवादी मजदुर'ले उक्त 'संघ' को प्रशंसा गयो। त्यस्तै संरा अमेरिकामा 'संघर्षशील'ले लेख्यो - 'स्वतन्त्र मजदुर संघ'को एउटा उद्देश्य र सिद्धान्त' हो - 'निजीकरणको आधारमा व्यापक र परिवर्तनमुखी सुधार, आर्थिक दक्षता र सामाजिक न्याय।' यो एक आश्चर्यजनक कुरा हो।

युगोस्लाभियामा 'राजनीतिक र आर्थिक परिवर्तनको समर्थनमा मजदुरहरूलाई क्रियाशील बनाउन, सर्वियाको मजदुर संघको आन्दोलनको लागि भौतिक समर्थन र सहयोग जुटाउन प्रजातन्त्रको निम्ति राष्ट्रिय दान कोषले अन्तर्राष्ट्रिय श्रम ऐक्यबद्धताको लागि अमेरिकी केन्द्र'लाई दुई पटक गरी ४ लाख ४८ हजार ५०० डलर सहयोग गरेको भन्ने उल्लेख, एनइडिको प्रतिवेदन हेर्दा कुनै नौलो कुरा देखिंदैन। अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सिआइए) र राजस्व विभागको मोर्चाको रूपमा रहेको अमेरिकाको मजदुर संघको महासभा (टियुसी) जस्तै एएफएल-सिआइओको ऐक्यबद्धता केन्द्रको सम्बन्ध स्वतन्त्र मजदुर संघसँग त्यसको स्थापनाकाल सन् १९९१ देखि नै थियो।

त्यसबेला सामाजिक प्रजातन्त्रवादीहरूको भोज्भोडिना लिगका सभापति नेनाड कनकले एएफएल-सिआइओसम्मेलनमा भाग लिएका थिए। सन् १९९५ नोभेम्बरमा कनक 'जर्ज मेनी मानवअधिकार पुरस्कार' प्राप्त गर्न अमेरिका फर्केका थिए।

सन् २००० को जुलाई १६ देखि ३० तारिखसम्म उनले फेरि रकमको विषयमासभापति जोन स्विनी र एएफएल-सिआइओको अन्तर्राष्ट्रिय विभागका सह-निर्देशक फिल फिशम्यानसँग भेटघाट गरे। त्यसबेला उनी अमेरिकी संघहरूको जर्ज मेनी प्रशिक्षण केन्द्र पनि गएका थिए। गोष्ठीहरूको समापनपछि उनले एन्का कासिङ्गको घरमा रात्रिभोजमा सामेल हुने सौभाग्य पाए।

**गुप्त साँठगाँठ**

आजका दिनहरूमा एउटा निर्वाचन किन्न कति पैसा लाग्छ ?एनआइडिले यस कार्यको लागि सन् १९९९ मा ३ करोड १० लाख डलर प्राप्त गरेको थियो तर त्यसले विश्वभरका कार्यहरू गर्नुपरेको थियो। त्यसबाहेक अमेरिकी राज्य विभागका अन्य अंगहरू जस्तै युएसएड, त्यसका सूचना केन्द्रहरू, सिड कार्यक्रमबाट पनि आर्थिक सहयोग प्राप्त हुन्थ्यो। त्यसबाहेक फ्रिडम हाउस, सोरष फाउण्डेशन र जर्मन मार्शल कोष पनि त्यस सूचीमा सहभागी थिए।

अमेरिकी राज्य विभागका पूर्व-विश्लेषक डेनियल सर्वरको शब्दमा 'हामीहरूले केही अति राम्रो निर्णय गऱ्यो। हामीले साह्रै सीमित मात्रामा पैसा दियौं - केही करोड।' मतानुसार ५ करोड डलरको हाराहारीमा पुग्छ। सेप्टेम्बर निर्वाचन र सन् २००० डिसेम्बर महिनाको संसदीय निर्वाचनबिच धेरै भिन्नता थियो। नयाँ सर्वियाली अर्थमन्त्री जेलिकका अनुसार निर्वाचनको समयमा एक अर्ब डलरभन्दा बढी विदेशी सहायता प्राप्त भएको थियो र ती सबै जनताको जीवनस्तरमा नाटकीय परिवर्तन ल्याउन खर्च गरिएको थियो।

अहिले के छ ? 'युरोपेली वाणिज्य महासंघले एक बेल्ग्रेड मजदुरको भनाइलाई प्रकाशमा ल्याएको छ। उक्त मजदुरको भनाइ थियो - 'हामीले स्वतन्त्रता पायौं तर अहिले हामीसँग खानलाई रोटी छैन।' निर्वाचनपश्चात् युगोस्लाभियामा रोटीको मूल्य २.५ दिनार (युगोस्लाभियाली मुद्रा) बाट बढेर १२ दिनार पुगेको छ।


## निक्षेप रकम उपर हकदावी गर्न

मसाले सुनारको नाति, अगम वहादुर सुनारको छोरा लुम्बिनी प्रदेश,गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं.०६ बस्ने चन्द्र वहादुर सुनारले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१८७७ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/२९ मा निजखातावाला चन्द्र वहादुर सुनारको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने हुमकला सुनारले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक चन्द्र वहादुर सुनारको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपाल एस बि आई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९-५२१०२९**
**फ्याक्स:- ०७९-५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न

टिकाराम खनालको छोरी, मुक्तिराम पोखलको छोरा बुहारी, शोभाखर पोखलको श्रीमती लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला, छत्रदेव गाँउपालिका वडा नं. ०८ बस्ने कमला पोखरेलले यस शाखामा बचत खाता नं. २०९१५२४०७०२८५१ संचालन गर्दै आउनु भएकोमा मिति२०८२/०४/१७ मा निज खातावाला कमला पोखरेलको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतककी श्रीमान नाता पर्ने शोभाखर पोखलले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कमला पोखरेलको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपाल एस बि आई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९-५२१०२९**
**फ्याक्स:- ०७९-५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न

सेरबहादुर सरङ्गकोटीको छोरी, चित्र बहादुर बुचाको छोराबुहारी, भुवान सिंहको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं.१३ बस्ने भूमाकला श्रीसले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२९५८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/२० मा निजखातावाला भूमाकला श्रीसको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतकको छोरा नाता पर्ने चोपबहादुर श्रीसले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक भूमाकला श्रीसको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपाल एस बि आई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९-५२१०२९**
**फ्याक्स:- ०७९-५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न

भिम सिंह गाहाको नाति, टेक वहादुर गाहाको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं.३ बस्ने ज्ञान वहादुर गाहाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३१७४ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०१/०९ मा निज खातावाला ज्ञान वहादुर गाहाको निधन भएकोले सोहीव्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता टोपकला गाहाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक ज्ञान वहादुर गाहाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्ता लाई दिननपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैकोदावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यतान दिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपाल एस बि आई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९-५२१०२९**
**फ्याक्स:- ०७९-५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न

लिलवहादुर पौडेलेको छोरी, उजुर सिं गौतमको छोरा बुहारी, याम वहादुर गौतम खत्रीको श्रीमती गण्डकी प्रदेश बाग्लुङ जिल्ला, वरेङ गाउँपालिका वडा नं.०४ बस्ने तिलकुमारी गौतमले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१५०० संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/१९ मा निज खातावाला तिलकुमारी गौतमको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरी नाता पर्ने पवित्रा गौतमले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक तिलकुमारी गौतमको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपाल एस बि आई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९-५२१०२९**
**फ्याक्स:- ०७९-५२११९४**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२


बाँकी पुष्ठ ४ मा

# बुटवल र भैरहवामा शान्ति र्‍याली



बुटवल । रुपन्देहीको अवस्था सामान्य बन्दै गएको छ । जेनजीको आन्दोलनपछि बिग्रिएको अवस्थापछि जारी भएको कर्फ्यु र निषेधाज्ञाले जनजीवन प्रभावित बनेको थियो ।

विस्तारै बजार चलायमान गराई पूर्वअवस्थामा ल्याउनका लागि शुक्रबार सीमा विन्दु बेलहियाबाट शान्ति-सद्भाव र्‍याली समेत निकालिएको छ । यता बुटवलमा पनि नेपाल पत्रकार महासंघ रुपन्देहीको आयोजना तथा तथा पेशागत सञ्जाल (पापड)को संयोजनमा राजमार्ग चौराहदेखि ट्राफिकचोकसम्म र्‍याली निकालिएको हो । र्‍यालीमा पत्रकारहरुले संविधानको रक्षा, शान्त नेपाललगायतका विषयमा प्लेकार्ड समेत प्रस्तुत गरेका थिए ।

र्‍यालीपश्चात् भएको कोणसभामा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेलले पत्रकारिता जोगाउन संविधान अनिवार्य जोगिनुपर्ने बताउँदै संविधानको रक्षा गर्नुपर्ने उल्लेख गरे । बुटवल बार एशोसिएशनका अध्यक्ष गोबिन्द मरासिनीले कानुनको रक्षा सबैको आवश्यकता रहेको उल्लेख गर्दै सबै मिलेर देशको रक्षा गर्नुपर्ने बेला आएको बताए ।

कार्यक्रममा पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले पत्रकारिता जोगाउनु र संविधान जोगाउनु आफैँमा अपरिहार्य रहेको जनाए । उनले पेशागत सञ्जालका सम्पूर्ण सदस्यहरुको रक्षाको लागि संविधान जोगाउनुपर्ने बताएका थिए ।

यस्तै भैरहवामा भएको कार्यक्रममा पत्रकारहरुको संस्था लुम्बिनी प्रेस क्लबको अगुवाइमा बजार चलायमान गराउने र शान्ति कायम गराउनका लागि सबैलाई अनुरोध गर्दै युवा तथा विभिन्न संघ संस्थाहरुको सहकार्यमा र्‍याली गरिएको हो । बेलहियाबाट सुरु भएको र्‍याली आँखा अस्पताल, देवकोटा चोक हुँदै बुद्धचोकसम्म आएको थियो ।

र्‍याली समापनको क्रममा बोल्दै युवा सागर ज्ञवालीले भ्रष्टाचारविरुद्धको शान्तिपूर्ण आन्दोलनमा केही घुसपैठ साथीहरुले गर्दा मानवीय र संरचनामा क्षति पुग्ने कार्य भएकोमा हामी दुखित छौं । क्षतिभन्दा पनि परिवर्तनका लागि भएको आन्दोलनले नयाँ पुस्तामा र नयाँ बाटोमा लगेको बताउँदै अब नयाँ नेपाल बनाउनेतर्फ लाग्ने, आन्दोलन, तोडफोड आगजनीभन्दा टाढा रही सद्भाव शान्ति सुशासन कायम गरी बजार चलायमानको सुरुवात गर्न आग्रह गरे ।

यस्तै प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समिति संयोजक डाक्टर टोकराज पाण्डेले जिल्लामा घटेको अप्रिय घटनाले हामी मर्माहित भएको बताउँदै जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न सबै हातेमालो गरेर अगाडि बढ्नुको विकल्प नरहेको बताए । सबै नागरिक विना बर्दीको प्रहरी हो र प्रहरी बर्दीसहितको नागरिक भएकोले अबको कार्यमा सुरक्षाकर्मी, प्रशासनलाई साथ सहयोग समर्थन गरी शान्ति सुव्यवस्था कायम गर्नमा सहयोगको आव्हान गरे । उनले पछिल्लो समय भएको आगजनी, तोडफोड, लुटपाट र उत्श्रृंखल कार्यमा संलग्नको पहिचान हुँदैछ, सामाजिक सञ्जाल, भिडियो, फुटेज र फोटोको माध्यमबाट उनीहरुको पहिचान भएकोले पक्राउ गरी कानुनअनुसारको कारबाही प्रक्रिया अगाडि बढ्ने बताए । अराजक गतिविधि निम्त्याउनेलाई बल प्रयोग गरी नियन्त्रणमा लिई क्रमशः अगाडि बढ्ने बताउँदै उनले सबै मिडियाकर्मी, उद्योगी व्यवसायी र संघसंस्था, नागरिक समाज सबै नागरिकहरुमा सहकार्यका लागि अपिल समेत गरे । प्रजिअ पाण्डेले सबैलाई पेशा, व्यवसाय मर्यादित र सुरक्षित ढंगले अगाडि बढाउन समेत अनुरोध गरे ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले युवाहरुका जायज माग सम्बोधन गर्दै संयमित भएर अगाडि बढ्नुपर्ने र युवाको जायज मागप्रति निजी क्षेत्रको ऐक्यबद्धता रहेको बताए ।

रुपन्देहीमा शुक्रबार बिहान ६ बजेसम्म कर्फ्यु आदेश भएपछि बजार खुलाउन र पूर्ववत अवस्थामा ल्याउन शान्ति सद्भाव र्‍याली निकालिएको हो । केही दिनयता लागु गरेको कर्फ्यु आदेश हटाएसँगै अवस्था क्रमशः सामान्य बन्दै गएको छ । अवस्था सामान्य भए पनि थप परिस्थतिलाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिले सुरक्षा व्यवस्थापन गरेको छ । अहिले स्थिति नियन्त्रणमा आइसकेको र शान्तिपूर्ण वातावरण कायम भएकाले कर्फ्यु हटाइएको छ । कर्फ्यु हटेसँगै बजार, यातायात, विद्यालय तथा अन्य सेवा पुनः सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

लुम्बिनी प्रेस क्लब भैरहवा, रुपन्देहीका अध्यक्ष कमल रायमाझीले भ्रष्टाचार र बेथितिविरुद्धको आन्दोलनका क्रममा केही व्यक्तिहरुले घुसपैठ गरेर सरकारी र निजी सम्पत्तिमाथि आक्रमण गरेको बताउँदै शान्तिको कामना गर्दै शुक्रबार बिहान भैरहवामा शान्ति-सदभाव र्‍याली निकालिएको बताए ।

उद्योगी-व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी, सामाजिक संघ-संस्थाका प्रतिनिधिलगायतको सहभागितामा नेपाल-भारत सीमा नाका बेलहियादेखि बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वार भैरहवाको बुद्धचोकसम्म र्‍याली निकालिएको उनले जानकारी दिए ।

शान्ति-सद्भाव र्‍यालीमा लुम्बिनी प्रेस क्लबसहित, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश, सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देही, चेम्बर अफ कमर्स, रूपन्देही, सिद्धार्थ सञ्जाल, रूपन्देही, सिद्धार्थ सार्वजनिक यातायात प्रालि, नेपाल भन्सार एजेन्ट संघ सिद्धार्थनगर, रूपन्देही, सिद्धार्थ होटल संघ नेपाल, भैरहवा मर्निङवाक ग्रुप, होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन, रूपन्देही, पश्चिमाञ्चल यातायात प्रालिलगायतको सहभागिता रहेको थियो ।

# यस्तो छ घनश्यामको अपिल



गत भदौ २३ गते सरकारले चलाएको गोलीले जसरी अबोध नेपाली छोराछोरीहरु भुटिए त्यो हाम्रो इतिहासको एउटा सर्वाधिक कायरतापूर्ण बर्बरता थियो । २४ गते भदौका दिन हाम्रो मुलुकमाथि तोडफोड, आगजनी, लूटपाटको जुन सैतानी ताण्डव नाच्यो त्यो नेपाल-अङ्ग्रेज युद्धमा बेलायती फौजले हाम्रा तराईका बस्तीहरुमा गरेको बर्बरतापूर्ण आक्रमणभन्दा भयानक थियो । यसबाट प्रत्यक्ष देखिएको राष्ट्रिय क्षतिको घाउ जति असह्य छ त्यसभन्दा बढी यी घटनाले अदृष्य ऐठनका रुपमा दशकौँसम्म हाम्रा सन्तान दरसन्तानलाई झस्काइ रहने छ । यी घटनाहरु सरकारको दुर्बुद्धिका कारणले मात्रै भएका होइनन्, बरु सत्तासिन खलनायकका बेबकुफीमाथि सुनियोजित षड्यन्त्रकारीहरुले कलमी गरेर फलाएको हलाहल विष थिए भन्ने कुरा स्पष्ट हुँदैछ । यस क्रममा हाम्रा अग्रजहरु र हामी आफैँले सदियौँ/दशकौँदेखि निर्माण गरेका देशभक्ति, लोकतन्त्र र सामाजिक न्यायका मूल्यहरुमाथि जुन खेलबाड हुँदैछ त्यसले वाम-लोकतान्त्रिक आन्दोलनमा हुर्केका लाखौँ इमान्दार सदस्य तथा समर्थक-शुभचिन्तकहरुमा कहिल्यै नब्यहोरिएको पीडा, ग्लानी र छलपटी उत्पन्न गरेको छ ।

लोकतान्त्रिक गणतन्त्रले जुन जिम्मेवारी र नैतिक मूल्यको नेतृत्व खोजेको थियो त्यसको अभावमा आज हामीले यो दिन देख्नु पर्‍यो । हाम्रा पार्टीहरुलाई बिर्ता बनाएर नेताहरुको रजाइँ चल्न दिएको नालायकीको मूल्य आज हामीले तिर्दैछौँ । राम्रो पार्टी बन्यो भने आफ्नो सुविधा र पद खोसिने डर भएका मानिसहरु पार्टी नेतृत्वमा भर्ती गर्दै जाँदा पार्टी नेतृत्वको बहुमत नै यथास्थितिको पक्षमा उभिने अवस्था बन्यो । प्रश्न उठाउने तल्लो पङ्क्तिका असंख्य कार्यकर्ताहरुको आवाज सबैजसो पार्टीका तथाकथित केन्द्रीय कमिटीहरुमा अल्पमतमा परिरह्यो । जसको एकमुष्ठ परिणामस्वरुप हामी आफ्नै इतिहासको भग्नावशेषका डिलमा उभिएर यो सारा विध्वंशमा नजर डुलाउँदै छौँ ।

२३ गते सत्ताले गरेको नरसंहार र २४ गते मुलुकभरिका अपराधीहरुले गरेको ताण्डवले हाम्रा पनि नालायकीको पराकाष्टालाई छर्लङ्ग पारेका छन् । हाम्रा राजनीतिक संरचना र प्रक्रियाको योभन्दा हरिबिजोग कहिल्यै हुने छैन ।

अहिलेको राजनीतिक गतिरोध जसरी अगाडि बढे पनि हामी असाधारण सङ्कटका सामु उभिएका छौँ ।

यस अवस्थामा, म देशभक्ति, लोकतन्त्र र मुलुकको समृद्धिको आकांक्षा बोकेका सबै राजनीतिकर्मीहरुलाई सबै बारबन्देज भत्काएर खुल्ला छलफलमा उत्रिन आह्वान गर्दछु ।

म कम्युनिष्ट आन्दोलनमा हुर्केको एउटा सक्रिय व्यक्तिका हिसाबले सबै कम्युनिष्ट पार्टीका सदस्यहरु, खासगरी नेकपा एमाले र नेकपा माओवादीको स्कूलिङबाट हुर्केका देशभित्र र बाहिर रहेका प्रिय कमरेडहरु, हाम्रो आन्दोलनमा बौद्धिक तथा साँस्कृतिक योगदान गर्ने सबै बुद्धिजीवीहरु र यस आन्दोलनका सक्रिय समर्थक तथा शुभचिन्तकहरुलाई आह्वान गर्न चाहान्छु :

हाम्रो विचार एउटै हो, नेताहरुका स्वार्थका खरानी रेखाले मात्रै हामीलाई विभाजित गरेको छ, हामी एक ठाउँमा उभिन्छौँ भनेर सङ्कल्प गर्नासाथ एउटा ऐतिहासिक राजनीतिक शक्ति जन्मिन्छ, इतिहासको यस कालखण्डमा केवल एउटा सङ्कल्पको खाँचो छ, हामीलाई विभाजित गर्ने ती सबै बन्धन चुँडाल्न तयार होऔँ ।

# नागरिक सर्वोच्चताविपरीत गतिविधि भए प्रतिरोध : पापड



बुटवल । शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) ले राष्ट्रपति रामचन्द्र पौडेललाई वर्तमान राष्ट्रिय संकटको निकास सम्बन्धमा ७ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । उक्त पत्रमा संविधान र संघीय संसद क्रियाशील रहेको, जेनजी युवाहरूको माग संविधान वा व्यवस्था परिवर्तन नभएकोले, संवैधानिक संरचनाहरूको यथावत् क्रियाशीलताका लागि राष्ट्रपतिबाट संवैधानिक कर्तव्य निर्वाहका लागि अनुरोध गरिएको छ । यस्तै, नागरिक सर्वोच्चता तथा विधिको शासनविपरीत कुनै गतिविधि भए प्रतिरोध गर्ने चेतावनीसमेत दिइएको छ ।

**यस्तो छ पापडको ध्यानकर्षण पत्र**

संवैधानिक सर्वोच्चता, विधिको शासन तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्धन र संरक्षणमा क्रियाशील शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) का हामी सदस्य संस्थाहरू (नेपाल चिकित्सक संघ, नेपाल शिक्षक महासंघ, नेपाल बार एसोसिएसन, नेपाल इञ्जिनियर्स एसोसिएसन, नेपाल प्राध्यापक संघ, र नेपाल पत्रकार महासंघ) वर्तमान राष्ट्रिय संकट प्रति राष्ट्रपतिज्यूको गम्भीर ध्यानाकर्षण गराउँछौं । युवा पुस्ताको परिवर्तन, भ्रष्टाचारमुक्त सुशासन र राजनीतिमा पुस्तान्तरणको मागप्रति हाम्रो पूर्ण ऐक्यबद्धता छ ।

आन्दोलनमा भएको घुसपैठले भएको धनजनको क्षतिप्रति हामी दुःखी छौं, मृतकप्रति श्रद्धाञ्जली र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । देशलाई गहिरो संकटतर्फ धकेलिरहेका राजनीतिक तथा संवैधानिक जटिलताहरूले लोकतन्त्र, गणतन्त्र र संघीयता जस्ता उपलब्धिहरूमाथि प्रश्नचिह्न खडा गर्ने जोखिम बढेको छ । संविधानको मर्मभित्रै समाधान खोजिनुपर्छ भन्ने हाम्रो दृढ मान्यता छ । युवा पुस्ताको माग सम्बोधन तथा लोकतन्त्रको रक्षाका लागि निम्न बमोजिम कदम चाल्न (पापड) आग्रह गर्दछः

१) संविधान र संघीय संसद क्रियाशील रहेको, जेन्जी युवाहरूको माग संविधान वा व्यवस्था परिवर्तन नभएकोले, संवैधानिक संरचनाहरूको यथावत् क्रियाशीलताका लागि राष्ट्रपतिज्यूबाट संवैधानिक कर्तव्य निर्वाहका लागि हार्दिक अनुरोध गर्दछौं ।

२) जेन्जी युवाहरूले सरकार परिवर्तन चाहेको र प्रक्रिया प्रारम्भ भइसकेकोले, जेन्जी युवाहरूको मागको मर्म र संविधानको मर्मअनुसार संवैधानिक वैधताको निरन्तरता कायम रहने गरी अविलम्ब राष्ट्रिय सरकार गठनको प्रक्रिया शीघ्र प्रारम्भ गर्न अपील गर्दछौं ।

३) संवैधानिक सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायपालिकाका पक्षधर नागरिक संस्थाका रूपमा संवैधानिक वैधता, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र लोकतान्त्रिक मूल्यमान्यता विपरीतका कुनै पनि प्रक्रिया हामीलाई मान्य नहुने र अन्यथा भएमा हामी प्रतिरोध गर्न बाध्य हुनेछौं ।

४) देशमा व्याप्त अनिश्चितता अन्त्य गरी शासन व्यवस्था सुचारु र जनतामा विश्वास जगाउन संविधानको मर्मभित्र रही संवैधानिक प्रक्रियाबमोजिम यथाशीघ्र एक सक्षम राष्ट्रिय सरकार गठन गरियोस् ।

५) लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक समावेशी जस्ता दीर्घ संघर्षबाट प्राप्त र संविधानमा लिपिबद्ध मूलभूत उपलब्धिहरूमाथि कुनै पनि बहानामा सम्झौता गरिनु हुँदैन । यी राष्ट्रिय पहिचानका आधारस्तम्भको रक्षा राष्ट्रपतिज्यूबाट हुनेछ भन्ने पापडको विश्वास छ ।

६) सुशासनयुक्त र भ्रष्टाचारमुक्त शासन व्यवस्था युवा पुस्ताको जायज माग हो । यो माग भूराजनीतिको चपेटामा परेमा देश अन्धकारतर्फ जानुका साथै सार्वभौमसत्तामा आँच आउने खतरा छ । तसर्थ, बाह्य शक्तिको चलखेल र गैरनागरिक सरकार गठनको खतराप्रति सजग रहन हार्दिक अनुरोध गर्दछौं ।

७) वर्तमान सङ्कटको निकाशको लागि सरोकारवालाहरूसँग समन्वय र आवश्यक सहजीकरणको लागि हामी तत्पर रहेको समेत अवगत गराउदछौं ।

अतः, देशलाई गम्भीर संकटबाट जोगाउन, संविधानको रक्षा गर्न, गणतान्त्रिक संघीय समावेशी संविधानलाई जीवन्त राख्न र वर्तमान संकटको संवैधानिक निकासका लागि संवैधानिक अभिभावक र संरक्षकका रूपमा राष्ट्रपतिज्यूबाट तत्काल आवश्यक कदम चालियोस् भनी पापड हार्दिक अपील गर्दछ ।

धन्यवाद ज्ञापनसहित

डा.अनिल विक्रम कार्की, अध्यक्ष, नेपाल चिकित्सक संघ

वअ प्राडा विजयप्रसाद मिश्र, अध्यक्ष, नेपाल बार एसोसिएसन निर्मला शर्मा, अध्यक्ष, नेपाल पत्रकार महासंघ

प्राडा रमेश कुमार जोशी, अध्यक्ष, नेपाल प्राध्यापक संघ

लक्ष्मी किशोर सुवेदी, अध्यक्ष, नेपाल शिक्षक महासंघ,

इन्जिनियर सुवास चन्द्र बराल, अध्यक्ष, नेपाल इञ्जिनियर्स एशोसिएसन ।

# किन सैनिकलाई काठमाडौं पुर्‍याएको छ ?



बुटवल । सैनिक मुख्यालय जंगी अड्डाले विभिन्न जिल्लामा रहेका आफ्ना सैनिक जनशक्तिलाई काठमाडौं उपत्यकामा झिकाइरहेको छ । भदौ २४ गते राति १० बजेबाट सुरक्षा व्यवस्था सम्हालेको सेनाले त्यसपछि जिल्लामा रहेका सैनिकलाई काठमाडौं झिकाउँदै आएको छ । जेनजीको प्रदर्शन, त्यसपछिको तोडफोड, आगजनी, लुटपाटका घटना नियन्त्रणमा लिन काठमाडौं उपत्यकामा लगाइएको निषेधाज्ञा र कर्फ्युको समय लम्बिदै गएपछि जिल्लामा रहेका सैनिकलाई काठमाडौं झिकाउन परेको हो ।

"सामान्य दिनमा आठ घण्टा ड्युटीमा खटिनुपर्छ । तर अहिलेको जस्तो विशेष अवस्थामा सेना चौबिसै घण्टा खटिनुपर्ने हुन्छ । यसको लागि 'रेस्ट एन्ड रिलिफ' भन्ने हाम्रो व्यवस्था छ । निश्चित समय ड्यिुटी गरेपछि त्यसलाई रेस्ट (विश्राम) दिने र अर्कोलाई ड्यिुटीमा खटाउने । यस्तो गर्दा जनशक्ति बढी चाहिन्छ । यसैकारण केही जिल्लाबाट जनशक्ति झिकाउन परेको हो ।"-सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले भने ।

सैनिक प्रवक्ता बस्नेतका अनुसार अहिले जिल्लाहरूबाट काठमाडौंमा सैनिकहरू आउँदै गरेको देखिनु पछाडि अन्य कारण पनि छन् ।

केही सैनिक काभ्रेपलाञ्चोकबाट काठमाडौं आएका छन् । उनीहरू पाँचखालस्थित तालिम केन्द्रबाट आवश्यक तालिम लिई संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा जान काठमाडौं आएका हुन् । उनीहरूको फ्लाइट बिहीबार थियो । पछिल्ला दिन बाराको सिमराबाट पनि सैनिक काठमाडौंतर्फ आएका छन् । खासमा नेपाली सेनाको 'लजिस्टिक वेस' सिमरामा छ । सैनिक प्रवक्ता बस्नेतका अनुसार जुन सैनिक सवारी साधन सीमराबाट आइरहेका छन्, तिनीहरू सेनाको बन्दोबस्तीका सामग्री लिएर आएका हुन् ।

काठमाडौं उपत्यकामा भदौ २४ गतेदेखि निरन्तर निषेधाज्ञा र कर्फ्यु जारी छ । चौबिस घण्टामा दुई/तीन पटक ड्युटी रोटेड गर्नुपर्ने बस्नेतले बताए । यसका कारण अन्य समयभन्दा बढी संख्यामा सैनिक काठमाडौं उपत्यकामा आवश्यक परेको उनको भनाइ छ ।

"ड्युटीमा निरन्तर लामो समय खटिन गाह्रो हुन्छ । त्यसैले जनशक्ति फेरिरहनु पर्छ । यसका लागि सामन्य समयकोभन्दा जनशक्ति बढी चाहिन्छ ।"-सैनिक प्रवक्ता बस्नेतले भने ।

# अर्घाखाँचीमा दिनभर निषेधाज्ञा, रातभर कर्फ्यु

**लक्ष्मण घिमिरे**

*अर्घाखाँची*

अर्घखाँचीमा दिनभर निषेधाज्ञा र रातभर कर्फ्यु लागेको छ । स्थानीय प्रशासनले जिल्लाभर आवत-जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक तथा घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गरेको हो ।

भदौ २७ शुक्रबार बेलुका ७ बजेदेखि शनिबार बिहान ६ बजेसम्मका लागि जिल्लाभर कर्फ्यू लगाइएको प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले जानकारी दिए । अवान्छित गतिविधि तथा क्रियाकलाप हुन नदिन र जिल्लाको शान्ति सुरक्षा एवं अमनचयन कायम गर्न कर्फ्यू लगाइएको उनले बताए ।

प्रशासनका अनुसार कर्फ्यू अवधिभर अत्यावश्यक सेवाका सवारी साधनहरू, एम्बुलेन्स, दमकल, शववाहन, स्वास्थ्यकर्मीका सवारी साधनहरू, सञ्चारकर्मी, पर्यटक सवारी साधन, मानवअधिकार तथा कूटनीतिक नियोगका सवारी साधन र हवाई टिकटको आधारमा हवाई यात्रुहरूको आवगमनमा सुरक्षाकर्मीहरूले सहजीकरण गर्नेछन् ।

यसैबिच जिल्ला प्रहरी कार्यालयले भदौ २४ को प्रदर्शनमा भएको तोडफोड र आगजनीका घटनाका भिडियो फुटेज खोजी कार्यमा जुटेको छ । आन्दोलनका क्रममा व्यक्तिगत तथा सार्वजनिक संस्थानमा भएको क्षतीको विवरण संकलन गर्नुका साथै आगजनी, तोडफोड र उत्श्रृंखल गतिविधिका तस्विर, भिडियो र लाईभ लिङ्कहरु खोजि गरिरहेको जनाएको छ । सार्वजनिक रुपमै अपिल गर्दै प्रहरीले घटनाका तस्विर, भिडियो र लिङ्कहरु ईमेल गर्न आग्रह गरेको छ । पठाउने व्यक्तीको गोपनियता राख्ने प्रहरीले प्रतिबद्धता व्यक्त समेत गरेको छ । प्रदर्शनकारीहरूले गत मंगलबार बेलुका सन्धिखर्क नगरपालिका-१, हटारीमा रहेको लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यको निजी निवासमा तोडफोड र आगजनी गर्नुका साथै नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय जनमोर्चा, नेकपा समाजवादी पार्टीका पार्टी कार्यालयहरूमा तोडफोड र आगजनी गरेका थिए ।

यस्तै सन्धिखर्क नगरपालिका, जिल्ला समन्वय समिति, वडा नम्बर १, वडा नम्बर २ को कार्यालयमा पनि तोडफोड भएको थियो । केही सरकारी गाडीहरूमा पनि प्रदर्शनकारीहरूले क्षति पुर्‍याएका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com